घरमा सधै छोराछोरीसँग नेपालीमा नै बोल्ने बानी बसालौं
भाषारहे हामी रहन्छौं - हाम्रो अस्तित्व रहन्छ



क्यानाडा लगायत अन्य रोचक पाक्षिक समाचार विशेष

सम्पर्क :599 Warden Ave. Toronto, ON. M1L 3Z4, E mail.: gosirawat@gmail.com

प्रयास- ८९ अप्रेल ०७,२०१३

सम्पादक : गोविन्दसिंह रावत, (पीएचडी)

समुदाय सूचना पाटी Community Information

- एन.सि.सि.एस. (NCCS) को नेपाली नयाँ वर्ष २०७० को साँझ कार्यक्रम
  April 13, 2013, BANQUET HALL, 15 GERVAIS DRIVE, Toronto at 6.30 PM
- एन.सि.एन.सि. (NCNC) को जनजाति संघसँग संयुक्त रुपमा नेपाली नयाँ वर्ष साँझ कार्यक्रम
  April 13, 2013, Royal Banquet Hall, 185 Statesman Drive, Mississauga at 6.00 PM
- २५५७ औं बुद्ध जयन्तीको कार्यक्रम शान्ती च्यालीका साथ
  May 12, 2013, PEACE Rally Start from Dandas Square, Toronto at 11.00 AM
- गैरआवासीय संघ, क्यानाडा (NRN-Canada) को वार्षिक साधारण सभा र सम्मेलन
  June 29 & 30, 2013 in Mississauga
- ANN को ३१ औं सम्मेलन तथा अन्तर्राष्ट्रिय कविता महोत्सव
  July 4-6, 2013 in New York city, USA

विषय सूचि :

- आफ्नो कुरा
  - एन.आर.एन.को सदस्यता र हाम्रो दायित्व

- यस वर्षको क्यानेडियन बजेट

यस पटकको अभिव्यक्तीहरु

- ☞ युद्ध उन्मूलन युद्ध, जगदिश घिमिरे
- ☞ सहीदको सम्झनामा, ऋषी बस्ताकोटी
- ☞ इन्धन–उर्जा - मानकाजी

समाचारहरु

- एक दिन नेपाललाई नाराका साथ २५५७ औं बुद्ध जयन्तीको तयारी शुरु
- क्यानाडामा एन.आर.एन. नेपाल गृह (नेपाल हाउस) को पहल शुरु
- नेवा गुठीको स्वास्थ्य गोष्ठी सम्पन्न
- रवि लामिछानेको अभियानमा क्यानाडाको सहयोग
- ए.एन.ए. साहित्य प्रतिष्ठानबाट २०१२ को अन्तर्राष्ट्रिय कविता महोत्सवको पुरस्कार वितरण
- बढाई छाडे क्यानेडियन सांसदहरुले आफ्नो तलब
- यसरी लुटिएको थिाय टिडी बैंक
- क्यानाडा सरकारले नागरिकताको शुल्क बढाउने
- क्यानेडियन राहदानीको अवधी अब दस वर्ष हुने
- नक्कली इमिग्रेसनबाट सावधान रहन तथा उजुरी गर्न अनुरोध
- हतियारको रोकथाम नभएपछि नागरिक असुरक्षित
- क्युबेकको बाल स्याहार केन्दमा गोली चल्यो
- चौंथो अन्तर्राष्ट्रिय नेपाली कविता महोत्सवको घोषणा
- नेपालमा गैरआवासीय नेपाली विज्ञान प्रतिष्ठान स्थापना
- विदेशमा बस्नुहुन्छ ? नेपालको जग्गा अर्कैले बेचिदेला नि !
- कलियुगकी द्रौपतिको कथा
- १३८ वर्षदेखि गरिदै आएको जंगबहादुरको श्राद्ध सम्पन्न
- भारतीय विज्ञापनको करामत
- अमेरिकन आप्रवासीहरुलाई कानुनी हैसियत प्रदान गर्ने
- ग्रामिण समुदायमा इच्छाविपरीत गर्भाधान गर्नुपर्ने बाध्यता
- भारतमा सरकारी दवावका कारण पाँच नेपालीद्धारा आत्महत्या
- डिसी दूताबासले नेपाल प्रबदर्धनको लागि बिबिध कार्यक्रमको आयोजना गन
- शेखर ढुङ्गेलका तीन कृति विमोचित
- आसाममा नेपाली साहित्य सभा सम्पन्न
- उपन्यास लेखने सम्झौतापत्र
- हङकङमा साहित्यिक साझा श्रृंखला सम्पन्न
- बानाको निर्वाचन सम्पन्न ,श्रेष्ठ अधक्ष्यमा पुन :निर्वाचित
- नेपाल सीमामा भारतीय सुरक्षा फितलो भएकोमा
- एन.आर.आई.ले भित्र्याए करौंडो रुपिया भारतमा

<u>समाजलाई अपच हुने समाचार</u>

- चर्चित लोक गायिका भन्छिन् -मैले यौनसम्पर्क नगरेको कुनै आसन बांकि छैन'
- श्रीमतीको इच्छाविपरीत यौनसम्पर्क गर्ने पक्राउ
- महिलाको गुप्तांगमा बन्दुक भेटियो

लेख, रचना र विचार

सपना, स्वरुप र नग्नता, झमक घिमिरे

घर किन्नु एउटा चाहना हो भने घर किनाउनु कला हो
त्यो कला अनुभवीसंग मात्र हुने गर्दछ ।

उचित र व्यवसायिक सल्लाहको लागि सम्भानुहोस्



मदन (माइक) खत्री क्षेत्री, ब्रोकर
टोरोन्टो रियल ईस्टेट बोर्ड सदस्य

RE/MAX Outstanding Agents. Outstanding Results.

RE/MAX Legacy Realty INC. BROKERAGE

सम्पर्क २४ घण्टा पेजर सेवा १८८८-९७३-६२९०
सिधै सम्पर्कको लागिः ४१६ ७२५ ५१८५
ईमेल : *em2 mkc@g mail.com* वेभ साईट *http://www.EverestHomess.Ca*

तस्वीर आफै बोल्छ : यो फागु पर्व हो कि महिला शोषणको एउटा माध्यम



आफ्नो कुरा

एन.आर.एन.को सदस्यता र हाम्रो दायित्व

गैरआवासीय नेपाली संघ (**एनआरएन**) को अन्तर्राष्ट्रिय सम्मेलन आउदो अक्टुबरको १९ देखि २२ सम्म काठमाडौंमा हुँदैछ । त्यस सम्मेलनमा विश्वका ६४ मुलुकहरुमा रहेका एनआरएनका राष्ट्रिय परिषदको पनि महत्वपुर्ण भूमिका रहने गर्दछ । त्यसैले अन्तर्राष्ट्रिय सम्मेलनअघि नै सबै राष्ट्रिय परिषदले वार्षिक साधारणसभाको आयोजना गर्दै नयाँ राष्ट्रिय परिषदका लागि निर्वाचन गराउने गर्दछन् । यो परम्परा जस्तै भई सहेको छ । यस्तै परम्परानुसार क्यानाडाको राष्ट्रिय परिषदको साधारणसभा र निर्वाचन जुनको २९ र ३० का दिन विशाल टोरोन्टोमा हुने भएको छ । एन.आर.एन. क्यानाडाको राष्ट्रिय परिषदका लागि हुने निर्वाचनमा एन.आर.एन. क्यानाडाको सदस्यता लिएकाहरुले मात्र मतदान गर्न पाउने छन् । नेपालबाट प्रवासिएर विदेशी भुमीमा बसोबास गर्ने सबै नेपाली आप्रवासी नेपाली हुन् । आफु बसेको मुलुकको गैरआवासीय संघको सदस्यता लिए पनि नलिए पनि भारत बाहेक (सार्क राष्ट्रबाहेक पनि भन्न थालिएको छ) विदेशमा बस्ने नेपाली सबै एनआरएन हुन् । क्यानाडामा बस्ने हामी सबै पनि एनआरएन हौं । क्यानाडामा नेपालीहरुको संख्या दिन प्रतिदिन बढे पनि २००८ देखि क्रियासिल एन.आर.एन. क्यानाडाको सदस्यहरुको संख्या भने सोचे अनुसार बढेको छैन । दुई वर्षमा एकपटक १० डलर दिएर इन्टरनेटबाटै बन्न सकिने सदस्यता समेत लिन हामी पछाडि परीरहेका छौं । एकपटकको नेपाली सधैको नेपाली भन्ने नाराका साथ दोहोरो नागरिकताका लागि संघर्षरत् एन.आर.एन. को स्थापनादेखि नै राष्ट्रले स्थाई र टिकाउ सरकार पाईरहेको छैन । राष्ट्र निर्माणमा उच्च सोच राखेर विदेशमा कमाएकोबाट केही बचत गरी राष्ट्रमा आफ्नो लगानी राख्न चाहने नेपालीहरु धेरै छन् । तर राष्ट्रले एन.आर.एन. लाई हेर्ने दृष्टीकोण स्पष्ट नभई सकेकोले सबै एन.आर.एन. द्वीविधामा परेका छन् । राष्ट्रले स्थाई निकास पाउनासाथ गैरआवासीय नेपालीलाई पनि नेपालको विकासमा नेपाली सरह सहभागिता गराउन दोहोरो नागरिकता दिने कुरामा हामी सबै विश्वस्त छौं ।

राष्ट्रले दोहोरो नागरिकता दिने कार्यको थालनी गरेपछि दोहोरो नागरिकता वितरण गर्ने आधार संभवत: एन.आर.एन. को सदस्य भएको हुनु पर्ने रहने छ । किनभने नेपालबाहिरका नेपालीलाई चिन्हाउने एकमात्र संस्था भनेको नै एन.आर.एन. हो भने नेपालबाहिरका नेपालीको अविभावकका रुपमा एन.आर.एन. आउने गर्दछ । त्यसैले यसको सदस्यता बन्नु भनेको आफुलाई नेपालसँग जोडी राख्नु हो भन्दा अत्युक्ती नहोला । एन.आर.एन. को सदस्यता बनेपछि हामीले हाम्रो प्रतिनिधित्व गर्ने राष्ट्रिय परिषदमा सही प्रतिनिधि रोजेर पठाउन सक्छौं । सक्षम, शिक्षित, सही र सहयोगलाई रोज्न सक्छौं । पदका लागि मात्र उठेर चारपाँच सय डलर खर्च गरेर आफ्ना आसेपासेलाई सदस्य बनाईदिएर एकछापे भोट खसाल्ने प्रवृति भएका असक्षम व्यक्तीलाई असफल बनाउन सक्छौं । क्यानाडाको राष्ट्रिय परिषदलाई गरिमामय बनाउन सक्छौं । हामी एन.आर.एन. भएको अधिकारको प्रयोग गर्न सक्छौं ।

यस वर्षको क्यानेडियन बजेट

गतसाता प्रान्तीय र केन्द्रिय सरकारले वार्षिक बजेट घोषणा गरेपछि अर्थविद्हरुबाट यसको जोडघटाव र नाफा नोक्सानका बारेमा हिसाबकिताब गरिन थालिएको छ । प्रत्येक वर्ष बजेट घोषणासँगै सर्वसाधारणको थाप्लोमा महङ्गीको हतौडा बज्रन थाल्छ । बजेटले जहिले पनि उच्चपदस्थ कर्मचारी र शासन चलाउनेहरुलाई असर पर्ने गर्दैन । यसको मार सर्वसाधारण अझ भनौं आप्रवासीहरुलाई नै पर्ने गर्दछ । प्रान्तीय सरकारले बजेट घाटा कम गर्न सडक शुल्क (टोल रोड) प्रणाली शुरु गर्ने र यसका लागि प्रति किलोमिटर ३० सेन्ट शुल्क लगाउने अवधारणा राखेको छ भने गेस (पेट्रोल) मा १० सेन्ट प्रति लिटर अतिरिक्त शुल्क लगाउने बारे पनि विचार विमर्स गर्दै छ । त्यस्तै सरकारले मोटर पार्क गर्ने व्यवस्थाबाट पनि प्रति दिन एक डलर शुल्क अतिरिक्त लाग्ने व्यवस्था र बजार भाउमा पनि एक प्रतिशत अन्त शुल्क लगाउने बारे विशेषज्ञहरुसँग विचार विमर्स गर्दै छन् । प्रान्तीय सरकारलाई विशाल टोरोन्टोमा यातायात व्यवस्तालाई अझ विस्तार गर्न चाहिने खर्च पुरा गर्न यो रकमको आवश्यकता भएको बारे टोरोन्टोका मेयर रबफोर्डले जानकारी गराएका थिए । तर यिनै मेयरले र नगरपालिकाका ४४ जना सभासद्हरुले गत वर्ष आफ्नो

क्षेत्रको नाममा विभिन्न कार्यक्रमका लागि ९११,००० डलर झ्वाम्म पारेका छन् । यसमा मेयर रब फोर्डले १९,६९७ डलर खर्च गरेको देखिन्छ भने सबैभन्दा बढी टोरोन्टो वार्ड नं २८ का सभासद् पाम मेक कानेलले २९,४४० डलर खर्च गरेका छन् ।

अर्कोतिर केन्द्रिय सरकारले घोषणा गरेको बजेटले २५.९ बिलियन डलर घाटालाई करका विभिन्न माध्यमहरुको कडाईका साथ पालना गर्दै २०१५ सम्ममा पुरा गर्ने जानकारी अर्थमन्त्री जिम फ्लेहर्टीले दिएका छन् । सरकारले कर छल्नेमाथि कडाईका साथ नजर राख्दै लगभग १.३ बिलियन डलर उठाउने लक्ष्य राखेको छ भने जि.एस.टी बाट १.८ बिलियन डलर र कर्पोरेट टेक्स रेभेन्युबाट ५.५ बिलियन डलर संकला गर्ने लक्ष्य राखेको छ । यसैबाट बजेट घाटाको परिपुर्ति गर्ने बारे अर्थमन्त्रीले जानकारी गराएका छन् ।

कन्जर्वेटिभ सरकारले प्रस्तुत गरेको यो आठौं बजेट हो र सरकारले २०१५ को चुनावलाई समेत ध्यानमा राखेर हार्पर सरकारको निरन्तरताका लागि जनताको विश्वास जित्ने प्रयास गरिएको छ । यस बजेटमा मुख्य रुपमा चारचवटा कुराहरुलाई सरकारले जोड दिएको देखिन्छ । सरकारले छोटो अवधिको विशेष सीप तालिमका लागि प्रत्येका व्यक्तीलाई १५०० डलर उपलब्ध गराउने भएको छ । अन्तर्राष्ट्रिय सहयोग उपलब्ध गराउँदै आएको क्यानेडियन इन्टरनेशनल डेभेलोपमेन्ट एजेन्सी (सिडा) लाई विस्तारै निष्क्रिय बनाएर विदेश मन्त्रालयबाट अन्तर्राष्ट्रिय सहयोगको काम कारवाही हेर्ने व्यवस्था मिलाउने । विकासका नयाँ पूर्वाधारहरु खडा गरेर आर्थिक उन्नतिलाइर्ए विस्तार गर्ने । अमेरिकाको बजारमा बालबालिकाका लुगाहरु र खेलकूदका सामान क्यानाडाको तुलनामा सस्तो पाइने भएकोले धेरैनै क्यानेडियनहरु अमेरिकाको बजारमा निर्भर हुगाफाताहरु र खेलकूदका सामग्री सस्तो मुल्यमा बिक्री व्यवस्था गरेर क्यानाडाको उपभोक्ताहरुलाई अमेरिकाको बजार जानबाट रोक्ने ।

विपक्षी दलले यसलाई पुरानो कार्यप्रणालीलाई नयाँ नाम दिएर जनतालाई भ्रमित पारेको आरोप समेत लगाएका छन् ।

Atul Subedi

Barrister, Solicitor & Notary Public
Professional Corporation
1058 A Albion Rd. Suite # 200
Toronto, On, M9V 1A7



अतुल सुवेदी
क्यानाडाको एकमात्र नेपाली कानूनी सल्लाहकार

निम्नलिखित सेवाहरुका लागि सम्पर्क राख्नुहोस्

इमिग्रेसन सम्बन्धी सम्पूर्ण सेवाहरु - स्किल वर्कर, प्रोफेसनल र विजुनेस इमिग्रेसन, वर्क परमिट, फेमिली क्लास, सिटीजनसिप, स्पोन्सरसिप आदि सेवाहरु

रिफुजी क्लेम तथा अपिल रियल स्टेट, फेमिली ल, विजनेस/कर्पोरेट, विल/पावर अफ एटोर्नी, नोटोराइजेसन आदि सेवाहरु

सम्पर्क : फोन : ६४७ ४३०, ३२११ सेल नं. ४१६ ९१७ ९५७१
ईमेल : subedilawoffice@yahoo.com

युद्ध उन्मूलन युद्ध

- जगदीश घिमिरे

तालुदेखि तानेर ठाडो रेखा पैतालासम्म
दुवै हत्केलाको सरल रेखामा क्रस टाँगिएको छु यस चौबाटामा
धर्तीमा
समय र विज्ञान दुई बाटाहरू
धर्ती मसँग छैन , घर परिवार-समाज देश छैन
बरालिनु
स्टेसन
जानकीचोक,
जानकीचोक
स्टेसन
शून्य सडकमा त्रिशङ्कु र भाटभटेनीहरू सँगसँगै शोकसभामा
ओर्कनुफर्कनु धूलामा टाँगिनु हावामा उँधोमुन्टो आधा
सेरिएर हलाल बगरेको किलामा छट्पटाउँदै.....
ल्याटेन्टसिफलिस बोकेर रगतभरि समयभरि बाँड्दै सम्पर्कभरि
आनुवंशिकताभरि कीटाणुहरू, विवश वेश्यावृत्ति जिजीविषामा
अस्तित्वको कात्राले कवचले व्याख्या गरिएको पश्चिमी
चस्मा जीवनको (व्यवसायको विज्ञान) छिअ छिअ !
(हामी गड्यौला छौं हर्मा फ्रोडाइट । दुवै पक्षीयलाई काम लाग्छौं
प्रभू ! आज्ञा होस् यसो सुतौं वा उसो पल्टौं ?)
होइन ।
अर्थजन्य दुर्व्यवस्थामा विश्वस्त त्रिशङ्कुहरू गड्यौलाहरू
इतिहासले वर्तमान गर्भिणी बनाउँछु -
शान्तिसमूह जन्मन्छ चिहानबाट
आजसम्म पूजा भएको छ शक्तिसम्पन्न सूत्रधार मतियारहरूको
हाडनाताकरणीका-युगस्त्रीलाई नीति निर्धारण गर्दै ।
शक्ति अनिवार्य छ स्थापित हुन ।
खारिनु अनिवार्य छ पूजित हुन ।
समय छ । निश्चय छ ।
भविष्य=H2O=O2+H2O
सापेक्ष सत्य छ
राँको बाल्छु आऊ अब
चक्षुहीन गड्यौलाको धर्तीहीन त्रिशङ्कुको भाटभटेनीको
यातायात हुँदैन वसन्तमा केवल
तन्कनु खुम्चनु जीवन
मेरो चेतना कपाल सल्काउँछ अब
यस टुपी उन्मुलन युद्धमा
युद्ध उन्मूलन युद्धमा

सहीदको सम्झनामा

ऋषि बस्ताकोटी , क्यालगेरी,

मुक्तिको सपना बोकेर हिड्दाहिड्दै
तिमी सहीद भयौ
र चौबाटाको शालिकमा रुपान्तरण भयौ,
तिमीर हामीलाई
मुक्तिको पाठ घोकाउनेहरूर
उत्सर्गको बाटो देखाउनेहरू
सत्ता पाएर मालिकमा रुपान्तरण भए र
यतिबेला म
मरेर शालिक हुनेहरू र
बाँचेर मालिक हुनेहरूका बीच
नि:शान्तको यात्री बनेर उभिएको छु र
घाइते सपनाहरूले बिर्सन नसकेका यादहरू
जव जव ताजा गराउछन
अनि म
चौबाटामा ठडिएको तिम्रै शालिकसम्म पुग्छु ,
तिम्रै वलिदानीको सम्झनामा
मुट्ठी उठाएर अभिवादन गर्छु
र पूरा हुन नसकेका
तिम्रा र हाम्रा सपनाहरूलाई
फेरि एकपटक स्पन्दन गर्छु र
चौबाटाको शालिकको भाव
अझै के आलिशान महलका मालिकले बुझ्लान?
धुलाले धुमिल शालिकका आँखाको क्रन्दन
अझै के सत्तासीन मालिकले सुन्लान ??

इन्धन–उर्जा

मानकाजी, भ्यानकुभर

पृथ्वी को २ टा घुम्नेगतिहरु जगजाहेर छन्,
त्यसैल त हुनेगछर्न् रात दिन र ऋतु परिवर्तन।
कहांबाट यस्ले यत्रो इन्धन –उर्जा प्राप्त गर्ने गर्छ ?
अचम्म बिना गडबडी, एकनाश र अविरल हुने गर्छ ॥

हेर्नोस्त, सानो भन्दा सानो औजार या भुसुन्नाको–
कलपुर्जा चलाउन घुमाउन, यन्त्र वा जीवात्माको।
इन्धन–उर्जा चाहिन्छ ठोस् कि तरलको,
न कि हावादारी जन्तर, तन्त्र –मन्त्रको ।

जस्को लागि होडबाजी, लडाइ समेत हुने गर्दछ,
किनकि, यो बिना पृथ्वीमा उत्पात, हाहाकारै मच्चिन्छ ॥

ध्रुव शत्य यदि यो हो भने, लागु हुनु पर्ने सबैमा हो,
रहस्यमय छ, कि पृथ्वी को हकमा चाहिं के भा'को हो ?
खै, कहांबाट, कसरी, किन र कति ,
फूमन्तरभै हुने गर्छ, यो **इन्धन–उर्जा** अविरल आपूर्ति ॥

मान्छे २, देश २, बीच अब देखी कम सें कम–
समझदारी बढी, झै झगडा, होडवाजी र लडांइ कम
गर्न, गराउन जति सके एकदम, कम, कम
सो फूमन्तर– सञ्जिवनी बुटी हनुमान्ले झैं खोजी धमाधम
मिलीजुली, भाइचारामा, लौ न लौ बांचौं , हरदम ॥

समाचारहरु

एक दिन नेपाललाई नाराका साथ २५५७ औं बुद्ध जयन्तीको तयारी शुरु

गत शनिबार ६ तारिखका दिन विशाल टोरोन्टोमा अवस्थित नेपाली संघसंस्थाका प्रतिनिधि तथा बुद्धिजीविहरुको उपस्थितिमा विशाल टोरोन्टोका लागि नेपाली महावाणिज्यदुत डा. कुञ्जर शर्माको समुपस्थितिमा वहाँकै कार्यकक्षमा २५५७औं बुद्ध जयन्ती भव्यताकासाथ मनाउन एउटा समिति गठन गरिएको छ । विशाल टोरोन्टोमा अवस्थित विभिन्न संघसंस्थाको प्रतिनिधित्व रहने गरी चन्द्र राईको संयोजकत्वमा गठन गरिएको समितिले मई १२ का दिन टोरोन्टोमा शान्ती पदयात्रा, बुद्धमा आधारित प्रवचनसँगै बुद्ध सम्बन्धी कविता प्रतियोगिता र भलीबल प्रतियोगिताको आयोजना गरिने भएको छ । गौतम बुद्धको जन्म नेपालमा अएको र बुद्ध नेपालको धरोहर र नेपालीहरुको शान्तीको प्रतीक हो भन्ने जानकारी गराउँदै विभिन्न कार्यक्रमका साथ मनाउनका सरोकार नेपाल, क्यानाडा (Concern Nepal, Canada) फोरमले कार्यक्रमको आयोजना गर्ने अविभारा लिएको छ । उपस्थित सबैले कार्यक्रमलाई भव्यताका साथ मनाउन र सहभागिता बढाउन बालबालिका तथा महिला सहभागीता तिर जानु पर्ने, क्यानाडा सरकारमा रहेका कुनै विशिष्ट व्यक्तीलाई प्रमुख अतिथि बनाउने, सहयोगका लागि बुद्ध धर्मप्रति आस्था राख्ने विशाल टोरोन्टोमा अवस्थित वाणिज्यदुतहरुमा अनुरोध गर्ने, सहभागीहरुबाट सहयोग लिने, नेपाली व्यापारिक समुहलाई अनुरोध गर्ने आदि विचारहरु राखेका थिए ।
कार्यक्रममा जनजाति संघ, एन.सि.एन.सि., एन.सि.सि.एस. संगै एनआरएन क्यानाडाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो भने अनुपस्थित रहेका नेवा गुठी, मगर संघ, शेर्पा संघ, टि.एन.एफ.एफ, एन.सि.एच.सि., महिला संघ, टोरोन्टो नेपाली साहित्य संघ आदिलाई सहयोग र सहभागिताका लागि अनुरोध गर्ने । सरोकार नेपाल फोरमले आयोजना गरेको यस बैठकमा फोरमका संयोजक चन्द्र राईले विगतमा गरिएका कपिलवस्तु दिवस् र बुद्ध जयन्तीका बारेमा जानकारी गराउनु भएको थियो । २००६ मा पि.एन.सि.सि. नामक संस्थाले पहिलोपटक बुद्ध जयन्तीको उपलक्ष्यमा टोरोन्टोमा शान्ती पदयात्रा गराएको थियो भने फोरमले अब यसलाई निरन्तरता दिदै क्यानाडामा नेपाल चिन्हाउने माध्यमका रुपमा अगाडि बढाउने लिएर जाने कुरामा सबैको सहमति रहेको थियो ।

२०११ देखि विशाल टोरोन्टोमा बुद्ध जयन्तीको उपलक्ष्यमा कार्यक्रमहरु गरिदै आएको र २०१२ मा शान्ती पदयात्रासँगै भलीबल प्रतियोगिता आदि कार्यक्रमको आयोजना गर्दै आएको सरोकार नेपाल फोरमलाई आयोजकका रुपमा राखेर

"एक दिन नेपाललाई" नाराका साथ विशाल टोरोन्टाका नेपाली समुदायलाई च्यालीमा बाजागाजाका साथ सहभागिता गराउन सबैले पहल गर्ने भएका छन् । सरोकार नेपाल फोरमका संयोजक चन्द्र राईको सभापतित्वमा अञ्जनी भट्टराईद्वारा संचालित कार्यक्रममा समुदाय नेपालका प्रवक्ता डा. तुलसी धरेल, गणेश राई, रमेश प्रसाई, ढुड्दीराज खनाल, अञ्जु महत, अनुप न्योपाने, अमीत उपाध्याय, हेमन्त बुढाथोकी, डा. हरी गुरुङ्ग, नारायण निरौंला, गोबिन्द सिवाकोटी, तुल्सी सापकोटा, कृष्ण तिम्सिना, निर गुरुङ्ग, सुवास वि.क., वेदानन्द भट्टराई, रामप्रसाद पौडेल, दुर्गा अधिकारी र डा. गोबिन्द रावतले २५५७औं बुद्ध जयन्ती मनाउने सन्दर्भमा आआफ्नो विचार प्रस्तुत गर्नु भएका थिए ।

क्यानाडामा एन.आर.एन. नेपाल गृह (नेपाल हाउस) को पहल शुरु

टोरोन्टो रगैरआवासीय नेपाली संघको २०१० को अन्तराष्ट्रिय सम्मेलनबाट काठमाडौं घोषणा पत्रको नामबाट घोषणा भएका विभिन्न बुँदाहरु मध्ये विश्वमा नेपाल र नेपालीको पहिचानको प्रवर्द्धन गर्ने कार्यका रुपमा नेपाल गृह (नेपाल हाउस) निर्माण गर्ने रहेको थियो । रसिया, अष्ट्रेलिया, अमेरिका आदि विभिन्न राष्ट्रले काठमाडौं घोषणा पत्रको अनुमोदन गरीसकेको छ भने अन्य राष्ट्रिय परिषदहरु प्रयासरत छन् ।

नेपालको मौलिक पहिचानलाई बढावा दिन केही राष्ट्रिय परिषदको प्रयासमा भई रहेको नेपाल गृह निर्माण गर्ने कार्यको अनुकरण गर्दै गैरआवासीय नेपाली संघ क्यानाडाको राष्ट्रिय परिषदले आयोजना गत मार्च ३१, २०१३ मा बसेको बैठकमा उपस्थित नेपाली कम्युनिटी नेटवर्क क्यानाडा (एन.सि.एन.सि.), क्यानेडियन जनजाती संघ, क्यानाडा मगर संघ, शेर्पा संघ, क्यानाडा महिला संघ आदिका प्रतिनिधिहरुले आआफ्नो सकारात्मक धारण प्रस्तुत गरेका थिए । संघसंस्थाका प्रतिनिधि तथा बुद्धिजीविहरुको यस बैठकले एन.आर.एन. क्यानाडाले अगाडि सारेको नेपाल गृह सबै नेपालीहरुको साझा भएकोले यसको आवश्यकता लागि प्रथमत: सम्भाव्यताका बारेमा विस्तृत अध्ययन हुनु पर्ने धारणा उपस्थित सबैले राखेका थिए । लगभग पाँच हजारको संख्यामा विशाल टोरोन्टोमा रहेका नेपाली समुदाय तथा समुदायका लागि स्थापित संघसंस्था सबैलाई समेटेर लिएर जानसकेमात्र यो परियोजनाले सफलता पाउने विचारमा सबैको एउटै मत देखिएको थियो । बैठकमा उपस्थित सबैले यसको निर्माण र निरन्तरतालाई अगाडि बढाउनअघि सम्भाव्यताका बारेमा अध्ययन गरी एउटा रिपोर्ट तैयार गरेर आउदो जुन २९ र ३० मा हुने एन.आर.एन. क्यानाडाको राष्ट्रिय सम्मेलनबाट अनुमोदन गराएर कार्य अघि बढाउने निर्णय गरेका छन् । विशाल टोरोन्टोमा नेपालीहरुको साझा घरका रुपमा निर्माण गरिने नेपाल गृहको सम्भाव्यताको अध्ययन गरेर यसको औचित्य र आवश्यकतासँगै आर्थिक संकलन र व्यवस्थापनको प्रतिवेदन तयार गर्न सर्वसम्मतिबाट बैठकले पाँचजनाको टास्क फोर्स (कार्य समिति) पछि आवश्यकता अनुसार घटबढ गर्ने अधिकार समेत दिएर गठन गरेको छ । टास्क फोर्समा श्री नवराज गुरुङ्ग, डा. तुलसी धरेल, डा. हरी गुरुङ्ग, श्री आङ्गबोरु शेर्पा र डा. गोबिन्द रावत रहेका छन् । यस बैठकमा अनुपस्थित रहेका संघसंस्थाका प्रतिनिधि तथा समुदायका प्रतिष्ठित तथा सम्मानित व्यक्तीहरुसँग टास्क फोर्सले सम्पर्क गरेर सबैको रायसल्लाह लिएर नेपाल गृहको निर्माणको सम्भावनाको प्रतिवेदन एन.आर.एन. क्यानाडाको जुन २९ र ३० मा हुने राष्ट्रिय सम्मेलनमा अनुमोदनका लागि प्रस्तुत गरिने छ ।
एन.आर.एन. क्यानाडाका उपाध्यक्ष गिरी बुढाथोकीको स्वागत मन्तव्य तथा उपाध्यक्ष गोपाल भण्डारीको सभापतित्वमा सम्पन्न यस बैठकमा एन.आर.एन. क्यानाडाका महासचिव गोपीकृष्ण काफ्ले ले गैरआवासीय नेपाली संघले अवलम्बन गरेको नेपाल गृह निर्माण गर्ने बारे संक्षिप्त जानकारी दिनु भएको थियो । बैठकमा हेम थापा मगर, राधिका खरेल , तेञ्जिङ्ग भुटिया, रश्मी थापा, चन्दा पुन, पशुपती पोखेल , डा. तुलसी धरेल, डा. हरी गुरुङ्ग, अनुप न्यौपाने ,दुर्गा अधिकारी, नवराज गुरुङ्ग, राम पौडेल, रमेश थापा, आङ्बोरु शेर्पा, विरेन्द्र लम्साल, किरण पन्त, बालचन्द्र श्रेष्ठ, ढुन्डीराज खनाल, तुलसी सापकोटा र डा. गोबिन्द रावत आदिले आआफ्नो विचार राख्नु भएको थियो ।

नेवा गुठीको स्वास्थ्य गोष्ठी सम्पन्न

नेपाली र भुटानीमुलका नेपालीहरुलाई विभिन्न माध्यमबाट सहयोग पुऱ्याउदै आएको विशाल टोरोन्टोको क्यानेडियन नेवा गुठीले विशेष गरेर जोड्नीहरुमा दुख्ने सम्बन्धी आफ्नो दुई चरणको अर्थराइटिस् र ओस्टेओपोरोसिस् (Arthritis and Osteoporosis) बारे जनचेतना मुलक गोष्ठीको आयोजना गरेको थियो । गत मार्च २४ का दिन सम्पन्न यस स्वास्थ सम्बन्धी गोष्ठीमा नेपाली समुदायका सार्थ ब्राह्म्टन क्षेत्रमा बसोबास गर्ने पञ्जाबी समुदायको पनि उल्लेखनीय उपस्थिति रहेको थियो । गत २०१० देखि स्वास्थमा जनचेतना ल्याउने उद्देश्यका साथ विभन्नि स्वास्थ्य संस्थासँग मिलेर आयोजना गर्दै आएको नेवा गुठीले यो जोड्नी दुख्ने सम्बन्धी गोष्ठी The Arthritis Society of Canada and Osteoporosis सँग मिलेर दुई चरणमा आयोजना गरेको थियो । निशुल्क कर विवरण (Tax Return) भरेर कार्यमा समुदायलाई सहयोग गरेपछि नेवा गुठीले संचालन गरेको यस वर्षको यो दोस्रो सामुदाकिय सेवा थियो । नेवार समुदायको परम्परागत चाडबाडलाई क्यानाडामा पनि मनायँदै आफ्नो संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि स्थापना भएको नेवा गुठी स्थापना कालदेखि नै सक्रिय रुपमा सामुदायिक कार्यहरु संचालन गर्दै आएको छ ।



रवि लामिछानेको अभियानमा क्यानाडाको सहयोग

विश्वले चिन्ने छ नेपाल" को अभियानमा लागेका चर्चित टेलिभिजन प्रस्तोता रवि लामिछानेको उद्देश्यलाई पुरा गर्न विशाल टोरोन्टोमा सम्पन्न अर्थ संकलनका लागि टोरोन्टोको स्थानीय नेपाली रेष्टुरेन्ट माउण्ट एभरेष्ट रेष्टुरेन्टको सभाकक्षमा आयोजित रात्री भोज कार्यक्रमा उपस्थित सबैले रविको विश्वमा नेपालको पहिचान बनाउने अभियानलाई मन र धनले सहयोग पुऱ्याउने बाँचा गरेका छन् । विशाल टोरोन्टोका अवैतनिक महावाणिज्यदूत डा. कुञ्जर शर्माको समुपस्थितिमा सम्पन्न कार्यक्रममा अनुप न्योपाने, अमित उपाध्याय, अतुल सुवेदी, अञ्जनी भट्टराई, अनीता शर्मा, विश्व वर्मा, चन्द्र राई, गिरीराज अधिकारी, डा. हरी गुरुङ्ग, कृष्ण तिम्सिना, कुसुम, मोहन गुरुङ्ग, मदन के.सी., मुक्ती गौतम, प्रद्युम्न रेग्मी, राजन श्रेष्ठ, राम पौडेल, शोभा श्रेष्ठ, डा. तुलसी धरेल, तुला भट्टचन र गोबिन्द रावत आदिको उपस्थिति रहेका थियो भने नवराज गुरुङ्ग र हेमन्त मोहन थापा (उज्वल) को कारणवश अनुपस्थिति रहे तापनि सहयोगको रहेको थियो ।

डा. तुलसी धरेलद्वारा संचालित कार्यक्रममा रवि लामिछनेले आफ्नो कार्यक्रमबारे प्रकाश पार्दै आफुले नेपालको सम्भाव्य विकासका सम्भावनाहरुका बारेमा विभिन्न विशेषज्ञ तथा नेपालमा अवस्थित राजदुतहरुसँग अन्तरवार्ता लिदै नेपाल गौतम बुद्ध र सगरमाथाको देश रहेको र यहाँ अथाह जलश्रोतका खानी रहेकोबारे भाषिक उत्खनन् गर्दै देशको विकासका पूर्वाधारहरुका बारेमा जानकारी गराउनु रहेको बारे बताउनु भयो । रविले अहिलेसम्म दुईजनाले ५२ घण्टा लगातार कार्यक्रम संचालन गरेको रेकार्ड रहेकोमा आफुले एक्लै ६१ घण्टा (तीन दिन) विभिन्न क्षेत्रका विशेषज्ञ तथा प्रतिष्ठित व्यक्तित्वसँग गौतम बुद्ध र सगरमाथाको देश नेपालका विभिन्न स्रोत, साधन र क्षेत्रका बारेमा कुराकानी गरेर नयाँ विश्व रेकार्ड बनाउने उद्देश्य रहेको र लुम्बिनीबाट शुरु गरिने यस अभियानलाई सफल बनाउन सहयोगका लागि अनुरोध गर्नु भएको थियो । कार्यक्रममा रविले उपस्थित सहभागीहरुका विभिन्न प्रश्नहरुको उत्तर दिदै आफ्नो उद्देश्यका बारेमा प्रकाश पार्नु भएको थियो । अर्थ संकलनका लागि आयोजिक रात्री भोज कार्यक्रममा उपस्थित २२ जनाहरुबाट एक हजार आठ सय डलर संकलान भएको थियो । रवि लामिछानेको यस अभियानलाई सहयोग न्युज २४ आवर्स टेलिभिजनले लगातार ६० घण्टा प्रशारण गर्ने भएको छ भने कार्यक्रम व्यवस्थापनको जिम्मा वेलकम एडभर्टाइजमेन्टले लिएको छ ।

कार्यक्रमको सफलताका लागि विशाल टोरोन्टोका अवैतनिक महावाणिज्यदूत डा. कुञ्जर शर्माले आफुहरुले सक्दो सहयोग गर्ने वाचासहीत शुभकामना दिनु भएको थियो ।

ए.एन.ए. साहित्य प्रतिष्ठानबाट २०१२ को अन्तर्राष्ट्रिय कविता महोत्सवको पुरस्कार वितरण

गत चैत १४ गते ए.एन.ए. नेपाली साहित्य प्रतिष्ठान, उत्तर अमेरिकाले अन्तर्राष्ट्रिय कविता महोत्सव, २०१२ मा विजयी भएका कविहरुलाई काठमाडौँमा आयोजित कार्यक्रमबीच पुरस्कृत गरेको छ । महोत्सवमा प्रथम हुने भोजपुरका कवि गणेश खड्कालाई एक हजार अमेरिकी डलरको हेम सरिता पाठक भानुभक्त काव्य पुरस्कारबाट पुरस्कृत गरियो । यसैगरी द्वितीय हुने रामेछापका जीवन खत्रीले ३११ अमेरिकी डलर र तेस्रो हुने रुपन्देहीका श्रीजन शर्मा र नुवाकोटका कृष्णकिशु न्यौपानेलाई पनि तीन सय अमेरिकी डलरको पुरस्कार दिइयो । उक्त पुरस्कार आज काठमाडौँमा आयोजित कार्यक्रमबीच नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति वैरागी काइँलाले प्रदान गर्नुभएको थियो .

कवितामा दिइने नेपाली पुरस्कारमा अत्यधिक राशि एक हजार डलरको भनेर मानिँदै आएको ए.एन.ए. नेपाली साहित्य प्रतिष्ठान, उत्तर अमेरिकाको "अन्तरराष्ट्रिय कविता महोत्सव २०१२" का पुरस्कारहरू एक समारोहका बीच ३ जना कविहरूलाई प्रदान गरिएको थियो , त्यस महोत्सवका नेपाल संयोजक विश्वबिमोहन श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा पुरस्कार प्रमुख अतिथि कुलपति कवि बैरागी काइँलाले प्रदान गर्नुभएको थियो, "अन्तरराष्ट्रिय कविता महोत्सव २०१२"मा यस पालि देश विदेश छरिएर रहेका ५ जनाले पुरस्कार पाएको भए तापनि पुरस्कृत कविहरू मध्ये ३ जना गणेश खड्का, जीवन खत्री र कृष्णकिसु न्यौपानेमात्र हाल नेपालमा उपस्थित हुनुभएको हुँदा यस समारोहमा उहाँहरूलाई मात्र पुरस्कार दिइएको थियो भने बाँकीका २ जनालाई पुरस्कार जुलाई ४-६ मा अमेरिकाको न्युयोर्कमा हुने ए.एन.एकाे ३१ औ सम्मेलनमा आयोजना गरिने विशेष साहित्य सम्मेलनको कार्यक्रममा प्रदान गरिने कुराको जानकारी नेपाल संयोजक विश्वबिमोहनले दिनु भएको थियो . उक्त कार्यक्रममा पुरस्कृत कविहरूले आआफ्ना पुरस्कृत रचनाहरू वाचन पनि गरेका थिए, "अन्तरराष्ट्रिय कविता महोत्सव २०१२"का अर्का नेपाल संयोजक श्रीओम रोदनले स्वागत भाषण गर्दै नेपाली साहित्य प्रतिष्ठानका अध्यक्ष वसन्त श्रेष्ठले अमेरिकाबाट पठाउनुभएको मन्तव्य पनि पढेर सुनाउनुभएको थियो, कथाकार तृष्णा कुँवरको उदघोषणमा संचालित कार्यक्रम सफलताका साथ सम्पन्न भएको थियो,



प्रतिष्ठानका कार्यकारिणी सदस्य सुन्दर जोशीको संयोजकत्वमा गठन भएको निर्णयकहरुमा २०१२ को कविता प्रतियोगितामा सर्बोच्च निर्णायक मण्डलमा बुन्द राणा, डा. लक्ष्मन् प्रसाद गौतम, मंजु निरौला " काँचुली ", ऋषि राम भुसाल , डा. मधु माधुर्य, शैलेन्द्र साकार ,श्याम श्रेष्ठ रहेका थिए भने २०१२ को कविता महोत्सवको आयोजक समितिमा उप संयोजकमा निलम कार्की 'निहारिका' र विभिन्न प्रान्त र राष्ट्रको संयोजकमा बोस्टनबाट गोवर्धन पुजा, क्यालीफोर्नियाबाट ध्रुब थापा, डालासबाट बासु शर्मा, फ्लोरिडाबाट प्रजेश न्यौपाने, न्यु योर्कबाट गीता पन्थ, क्यानाडा संयोजकबाट ऋषि बस्ताकोटी, नेपालबाट विश्वबिमोहन श्रेष्ठ, भारतबाट मनप्रसाद सुब्बा, दक्षिण एसियाबाट टंक सुब्बा, मध्यपूर्वबाट दिप्स शाह, अस्ट्रेलियाबाट भीमसेन सापकोटा, बर्माबाट कृसु छेत्री, आसामबाट टेक नारायण उपाध्याय र युरोपबाट मुकेश राई आदिलाई राखिएको थियो ।

बढाई छाडे क्यानेडियन सांसदहरुले आफ्नो तलब

ईस्टरको समाप्ती लगतै अप्रेलमा बसेको संसदमा उपस्थित सबै सांसदहरुको अनुहार उजाल्लिएको थियो । तीन वर्षअघि रोकिएको सांसदहरुको तलबवद्धि यसपटक पुकुवा भएको छ । त्यसैले अप्रेलको पहिलो दिन मुर्ख दिवस्लाई अववाले आर्थिक वृद्धि दिवस् बनाई दिएको छ । अहिलेसम्म वार्षिक १५७,७३१ डलर खाईपाई आएका क्यानेडियन सांसदहरुले अब १.६ प्रतिशतको वद्धिसमेत जोडेर १६०,२०० डलर वार्षिक तलक पाउने भएका छन् । हुन त २०१० सम्म सांसदहरुको तलक प्रत्येक वर्ष बढ्ने गर्य्यो तर २०१०को बजेट घाटापछि सरकारले तीन वर्षका लागि तलब नबढाउने बिल पास गरपछि रोक्का भएको थियो । तलब वद्धिपछि क्यानाडाका प्रधानमन्त्रीले आवास, वाहन र वाहन चालकको खर्चबाहेक ३२०,४०० डलर वार्षिक पाउने छन् भने विपक्षी दलका नेताले पनि आवास, वाहन र वाहन चालकको खर्चबाहेक २३६,९०० डलर वार्षिक तलब पाउने छन् । एवम प्रकारले मन्त्री तथा अन्य संसदीय कार्यमा संलग्न जनप्रतिनिधिले पनि तलब वृद्धि पाउने भएका छन् । क्यानाडाका सांसदहरुले पाउने भत्ता सबै करदाताहरुको आयबाट जाने गर्दछ । करदातामाथि लाग्ने प्रत्येक २५ डलरबाट १ डलर सांसदहरुको तलब र भत्तामा जाने गर्दछ । तर त्यही करदाताहरुको तलब भने प्रति घण्टाको पारिश्रमिकमा पाँच सेन्टदेखि पचास सेन्टमात्र वार्षिक रुपमा बढ्ने गर्दछ भने बजार भाउँ भने ५ देखि १० प्रतिशतका हिसाबले वृद्धि हुँदै गएको छ ।

यसरी लुटिएको थियो टिडी बैंक

अन्टारियोको बर्लिङ्गटन शहरमा अवस्थित टिडी बैंकमा १८ जनवरीमा विशेष प्रकारले डाकाहरुले बैंक लुट्न सफल भईसके तापनि निस्कने बेलामा बजेको सुरक्षाको घण्टीले गर्दा प्रहरीको प्रयासबाट गिरफ्तार भएको छन् । प्रहरीका अनुसार सोमबारका दिन बिहान सबेरे १ बजे आलाराम बजेपछि प्रहरीहरु तुरन्त बैंकमा पुग्दा बैकका ढोकाहरु सहीसलामत रहेको पाएपछि भित्रको अवस्था बुझ्न खोज्दा बैंकमा रहेको सेफ्टी भोल्टहरु फोडिएका अवस्थामा पाएका थिए । त्यसपछि प्रहरीले तुरन्त बैंक रहेको इलाकाको वरीपरी सबैतिर तलासी शुरु गर्दा पाँचजना रुखको आडमा लुकेको अवस्थामा समातेका थिए ।



प्रहरीका अनुसार यी लुटेराहरुले चलचित्र शैलीमा बैंक लुट्ने कार्यक्रम बनाएका थिए । बैंक रहेको भवनको माथिल्लो तल्ला खाली रहेकोले लुटेराहरुले दुई दिनदेखि त्यहाँ बसेर अक्सिजन गेसका सिलिन्डर र कंक्रिट कटरको प्रयोगबाट माथिबाट कंक्रिट स्लेब (छाना) काटेर सेफ्टी भल्भ भएको ठाँउमा पुगेका थिए । उनीहरुले विशेष प्रकारको विद्युतीय यन्त्रको प्रयोगबाट बैंकमा जडित आलारामहरुलाई निश्क्रिय बनाएर बैंक लुट्न सफल भएका थिए । बैकबाट उनीहरुले तीन लाख बराबरको नगद र गरगहानाहरु लुटेका थिए । तर लुटेर बाहिर निस्कने क्रममा एउटा आलाराम अचानक बज्न थालेपछि उनीहरु आत्तिएर लुक्न खोजेका थिए । त्यही रहेको रुखको आडमा लुक्न खोज्दा प्रहरीले उनीहरुलाई समातेका थिए । यस बारे प्रहरीले अनुसन्धान जारी नै राखेको छ । (एशियन कनेक्सनबाट)

यो घटनाको एकसाताअघि मोन्ट्रियलको जेलबाट दुईजना कैदी फिल्मी शैलीमा हेलिकेप्टरको प्रयोग गरेर भाग्न सफल भए तापनि प्रहरीले उनीहरुलाई समात्न सफल भएको थियो ।

क्यानाडा सरकारले नागरिकताको शुल्क बढाउने

क्यानाडा सरकारले यस पटकको बजेट घाटा कम गर्ने विभिन्न उपायहरुमा क्यानाडाको नागरिकताका लाग्ने शुल्कमा वृद्धि गर्ने भएको छ । एकजनाले नागरिकताका लागि आवेदन गर्दा २०० डलर शुल्क लाग्ने गरेकोमा चाडैनै शुल्क वृद्धि गरिने भएको छ । गत नोभेम्बरदेखि क्यानाडाको नागरिकता लिने नियममा परिवर्तन गरेर सरकारले अनिवार्य अंग्रेजी भाषाको जाँच लिने भएको छ । त्यस अवधिसम्म क्यानाडाको नागरिकताका लागि आवेदन गरेकाहरुको संख्या ३१९,५१७ पुगेको थियो । सरकारले चाड्चाडो कार्य संचालन गर्ने भनिए तापनि पहिलाको दाँजोमा अहिले नागरिकता पाउन दुई वर्ष भन्दा बढी लाग्ने गरेको छ ।
अर्कोतिर सरकारले क्यानाडाको स्थाई वासिन्दा (पि.आर.) र अस्थाई कामदार (टेम्पोररी वर्क पर्मिट) को आवेदनमा पनि शुल्क वृद्धि गर्ने भएको छ । हाललाई स्थाई वासिन्दा (पि.आर.) रोक्का गरिए तापनि अस्थाई कामदार (टेम्पोररी वर्क पर्मिट) मा आउनेहरुलाई भने बढेको शुल्क लाग्ने छ । सरकारले देखाएको तथ्याङ्क अनुसार अहिले सरकारले पुरानो स्थाई वासिन्दा (पि.आर.) का आवेदकहरुको कार्यप्रणालीका लागि ४२ मिलियन डलर खर्च हुँदै आएको छ भने नागरिकताको निवेदनलाई कार्यान्वयन गर्न ४४ मिलियन डलर खर्च लाग्ने गरेको छ र अहिले लिईने शुल्कले सरकारी खर्चको २० प्रतिशतमा पुरा हुने गरेको छ ।

क्यानेडियन राहदानीको अवधी अब दस वर्ष हुने

क्यानाडाका परराष्ट्र मन्त्री जोन ब्यर्डले गतसाता मार्च १८ का दिन भारतीय समुदायको एउटा कार्यक्रममा भारतीय मुलका सांसद दिपक ओबरायसँग उपस्थित भएर सरकारले क्यानाडियन पासपोर्टको नविकरणको अवधि पाँच वर्षबाट दस वर्षको रहने बारे जानकारी गराउनु भएको थियो । विशाल टोरोन्टोमा बसोबास गर्ने भारतीय मुलका बुद्धीजिवि तथा व्यापारिक समुदायहरुको भेटघाट कार्यक्रममा मन्त्री जोन ब्यर्डले क्यानाडालाई नक्कली आप्रवासी आगमन प्रक्रिया, नक्कली विवाह प्रक्रिया र अपराधिक गतिविधिमा संलग्न भएका आप्रवासीहरुलाई क्यानाडा प्रवेशमा रोक लगाउन भारतीय समुदायको सहयोगको आवश्यकता रहेको बारे पनि अनुरोध गर्नु भएको थियो ।

नक्कली इमिग्रेसनबाट सावधान रहन तथा उजुरी गर्न अनुरोध

क्यानाडाका आप्रवासी तथा नागरिक मन्त्री जेसन केनीले विशेष गरेर नवआप्रवासीहरुलाई कुनै पनि प्रकारको नक्कली आप्रवासीका बारेमा जानकारी भएमा क्यानाडा इमिग्रसनलाई तुरन्त सूचित गर्न अनुरोध गरेका छन् । गत मार्च महिनालाई इमिग्रेसन सम्बन्धी नक्कली क्रियाकलाप विरुद्धको महिनाका रुपमा मनाउदै यो कुराको जानकारी दिएका छन् । मन्त्री केनीले क्यानाडामा विभिन्न तरिकाले नक्कली कागजात र नक्कली प्रक्रियाका माध्यमबाट यहाँको आप्रवासी भएको बारेमा जानकारी पाएको र त्यस्ता नक्कली प्रक्रिया अवलम्बन गरेर आएकाहरु मथि सरकारले कारवाही गर्दै फिर्ता पठाउने गरेको समेत जानकारी गराएको थिए ।
नक्कली इमिग्रेसन सर्तक महिनाको उपलक्ष्यमा आफ्नो धारण राख्दै मन्त्री केनीले जुन २०११ मा नक्कली प्रक्रियालाई निरुत्साहित पार्न संसदबाट Immigration Consultants of Canada Regulatory Council (ICCRC) पास गराएर आप्रवासीहरुका लागि सल्लाहकारका रुपमा काम गर्नेहरुले यस नियममा बसेर त्यही अनुसार आफ्नो नाम वा कम्पनी दर्ता गराएपछि मात्र इमिग्रेसन सम्बन्धी काम गर्न पाउने नियम बनाएर आप्रवासीका लागि दर्ता भएका निवेदनहरु यसै ICCRC बाट निरिक्षण गरिने बारे जानकारी गराउनु भएको थियो । मन्त्री केनीले सरकारको कडा व्यवस्थाले गर्दा नक्कली आप्रवासीहरुको प्रवेशमा कमी आएको र नक्कली शरणार्थीहरुको संख्यामा पनि कमी आएको जानकारी गराउनु भयो । मन्त्रीका अनुसार विशेष गरेर नक्कली विहे गरेर आएका र आउन चाहनेहरुका अतिरिक्त नक्कली प्रक्रियाका आधारमा क्यानाडा आएका र आउन चाहनेहरुको पहिचान गर्न सरकारले सि.आई.सि.को वेभ साईटमा उजुरी गर्न पनि नागरिकहरुमा अनुरोध गर्नु भएको छ । उनका अनुसार इमिग्रेसन क्यानाडाको वेभ साईटमा उपलब्ध उजरीका आधार सरकारले अनुसन्धान गर्ने र उजुरीकर्ताको विवरण गोप्य राख्ने पनि जानकारी गराउनु भएको छ ।

हतियारको रोकथाम नभएपछि नागरिक असुरक्षित

विशाल टोरोन्टोमा विभिन्न समयमा भएका गोली प्रहार र हत्याका घटनाहरुले यहाँका प्रहरी प्रशासनलाई सुरक्षा व्यवस्थामाथि बढी ध्यान दिनु परीरहेको छ । अहिले सादा पोसाकका प्रहरी शहरका विभिन्न क्षेत्रमा गस्ती गर्दै गैरकानुनी तरिकाबाट राखिएका हतियारहरुको खोज तलास गर्ने काम जारी छ । प्रहरीले शहरको एउटा सानो क्षेत्र रेक्सडेल, जेम्सटाउन, जारभिस आदि ठाँउबाट ७ थान पिस्तोल बरामद गरेको छ । विशेष गरेर गृहविहिनहरु बसोबास गर्ने कम्युनिटी हाउसिङ्ग क्षेत्रबाट प्रहरीले यस्ता हतियारहरु प्राप्त गरेका छन् । ईन्सपेक्टर गोर्ड स्नेडोनको नेतृत्वमा खटिएका हातहतियार खोज तलास समुहले २०११ मा लगभग ३,००० हतियार बरामत गरेको थियो र गत वर्ष पनि त्यतिकै मात्रामा हतियार बरामत गरिएको थियो । ईन्सपेक्टर गोर्डले प्रहरीले बरामत गरेको हतियारका बारेमा फेहरिस्त बनाइउको हुन्छ र वर्षान्तमा त्यसको संख्या गृह व्यवस्थापन मन्त्रालयमा बुझाउने गरेको बताउका छन् । गोर्डका अनुसार खोजतलासको क्रममा यस्ता गैर कानुनी हतियारहरु दैनिक नै पाउने गरेको बताएका छन् ।

विशाल टोरोन्टोमा हतियारको प्रयोग बढ्न थालेको र सानो रिसीइबीमा पनि सजिल्यै हतियार प्रयोग गरेर मान्छे मार्ने काम भएको र यसरी गोली प्रहारबाट निर्दोष मानिसहरु पनि मारिएको र गत जनवरी मा १३ वर्षको बालक मारिएको घटनापछि प्रहरी प्रशासनले बढी सतर्कता लिन थालेको छ । हतियार प्रयोगको पछिल्लो घटना गत अप्रेल २ का दिन विशाल टोरोन्टोको भर्ना ड्राईभमा (लोरेन्स एभिन्यु वेस्ट) मा एकजना १५ वर्षको बालकलाई बाटोमा हिड्दा गोली हानिएको छ । उनको अवस्था चिन्ताजनक रहेको छ । यसअघि अतिव्यस्त मल (व्यापारिक केन्द्र) योर्कडेल मलमा मा मार्च ३० का दिन भएको थियो । प्रहरीका अनुसार मलबाहिर दुई समुहका बीच गोली हानाहान हुँदा एकजना २४ वर्षको युवकको मृत्यु भएको थियो भने एकजना चिन्ताजनक अवस्थामा रहेको छ । । त्यहाँ ६ वटा हतियार प्रयोग गरेको अनुमान प्रहरीले गरेको छ । घण्टौंसम्म मल आएका मानिसहरु त्यहाँबाट घर जान समेत सकेका थिएनन् ।

क्युबेकको बाल स्याहार केन्दमा गोली चल्यो

हतियारको प्रयोगको अर्को घटना गत शुक्रबार ५ अप्रेलका दिन क्युबेकमा रहेको बाल स्याहार केन्द्र (डे केयर सेन्टर) मा दुई जनाको मृत्यु भएको छ । बाल स्याहार केन्द्र रहेको घरमा एकजना बन्दुकधारीले त्यहाँ काम गर्नेलाई गोली प्रहार गरेपछि बलम स्याहार केन्द्रमा रहेका ५३ जना ५ वर्ष मुनिका शिशुहरुलाई तुरन्त उद्धार गरिएको थियो । प्रहरीको सहयोगमा उद्धार गरिएका शिशुहरु मध्ये कसैलाई केही नभएको प्रहरीले जनाएको छ । तर केन्द्रमा रहेको दुईवटा कोठाबाट दुईजनाको लाश प्रहरीले बरामत गरेको छ । तर यो घटनाको समाचार शहरभरी फैलिएपछि अविभावकहरु आफ्ना शिशुहरुको सुरक्षाका लागि चिन्तित हुँदै बाल स्याहार केन्द्र पुग्दा त्यहाँको अवस्था कहालिलाग्दो थियो । मारिएका लासहरु मध्ये एकजना गोली प्रहार गर्ने र अर्को गोली लाग्ने पीडितको रहेता पनि प्रहरीले कुन प्रहार गर्ने र कुन गोलीलाग्ने व्यक्ती भएको भन्न सकिरहेका छैनन् । यस घटनालाई प्रहरीले घरेलु हिंसा वा त्रिकोणत्मक प्रेमको संज्ञा दिदै दुईजना मध्ये स्याहार केन्द्रमा काम गर्ने पुरुष र गोली प्रहार गर्ने पुरुषकाबीच रीसईवी रहेको र पिस्तोलसहीत आएर पुरुषलाई मारेको आनुमान लगाइएको छ । मारिने एकजना ३६ वर्षीय फ्रान्सका नागरिक रहेको प्रहरीले जनाएको छ भने अर्कोको सनाखत हुन बाँकी छ ।

चौंथो अन्तरर्राष्ट्रिय नेपाली कविता महोत्सबको घोषणा

ए.एन.ए. नेपाली साहित्य प्रतिष्ठान, उत्तर अमेरिकाले विगत तीन वर्षदेखि आयोजना गर्दै आएको सबैभन्दा बढी एक हजार डलरको पुरस्कार रहेको कविता प्रतियोगिता यस वर्ष पनि अन्तरर्राष्ट्रिय नेपाली कविता महोत्सब आयोजना गर्ने भएको छ । दि एसोसिएसन अफ नेप्लिज इन अमेरिका (ए.एन.ए) संगको सहकार्यमा आगामी जुलाई ४ देखि ६ तारिखसम्म अमेरिकाको न्युयोर्क शहरमा हुने ए.एन.एन वार्षिक सम्मेलनको अवसरमा संचालन गरिने कविता महोत्सबलाई सफलताका साथ सम्पन्न गर्नको लागि बिभिन्न देशको प्रतिनिधि रहने गरि प्रतिष्ठानका उपाध्यक्ष्य

साहित्यकार बिनोद रोक्काको प्रमुख संयोजकत्वमा आयोजक समिति गठन गरिएको छ । महोत्सव ए एन एको एकतिसौं महाधिवेशनको अवसर पारेर आयोजना गर्न लागिएको छ । महोत्सबमा आयोजना गरिने प्रतियोगितामा प्रथम, दोश्रो र तेश्रो स्थान प्राप्त गर्ने स्रष्टालाई तल उल्लेखित नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिने छ ।

प्रथम पुरस्कार एन एम शुभद्रा भानुभक्त काब्य पुरस्कार, एक हजार यु एस डलर । दोश्रो पुरस्कार शर्मा मुडभरी मोतीराम काब्य पुरस्कार तीन सय यु एस डलर र तेश्रो पुरस्कार बसुन्धरा गणेश रोक्का देबकोटा काब्य पुरस्कार, दुई सय यु एस डलर रहेको छ । बिनोद रोक्काको प्रमुख संयोजकत्वमा गठित अन्तरर्राष्ट्रिय नेपाली कविता महोत्सब २०१३ आयोजक समितिमाउपसंयोजक - गोवर्धन पूजा, बेलायत संयोजक- कोमलप्रसाद श्रेष्ठ, क्यानाडा संयोजक, नेपाल संयोजक - बिश्वबिमोहन श्रेष्ठ, भारत संयोजक -मनप्रसाद सुब्बा, इजराइल संयोजक - भगवती बस्नेत, खाडी मुलुक संयोजक - चन्द्र गुरुङ, दक्षिण एसिया संयोजक - टंक सुब्बा, अष्ट्रेलिया संयोजक -निष्प्रभ सजी आदि रहेका छन् । नितान्त नयाँ र मौलिक अप्रकाशित अधिकतम दुई सय (२००) शब्दमा कविता लेख्नु पर्ने कुनै पनि राजनैतिक पूर्वाग्रह र गालि गलौज, साम्प्रदायिक भावनालाई प्रोत्साहित गर्ने बिचारहरु र अश्लील शब्दको प्रयोग नगरिएको गद्य या छन्दमा अंग्रेजी र नेपाल अधिराज्य भित्र बोलिने कुनै पनि जनजातिको भाषामा लेखिएको कविताले प्रतियोगितामा प्रवेश पाउनेछन् तर त्यस्ता कविताको नेपाली रुपान्तर पनि साथमा राख्नु पर्ने छ र कविता आउदो मई महिनाको ३१ तारेखसम्म बुझाई सक्नु पर्ने छ ।

नेपालमा गैरआवासीय नेपाली विज्ञान प्रतिष्ठान स्थापना

२०१२ मा अष्ट्रेलियाको सिड्नीमा सम्पन्न सातौ गैरआवासीय नेपाली क्षेत्रिय सम्मेलनको घोषणा पत्रको मर्म अनुसार नेपालको विज्ञान तथा प्रविधि विकासमा टेवा पूराउन गैरआवासीय नेपाली बिज्ञान प्रतिष्ठान नेपालमा स्थापना गर्न एउटा समिति गठन गरिएको छ । शीप, ज्ञान र प्रविधि कार्यदल अन्तर्गत यस प्रतिष्ठानमा, गोकुल पाखरेल (संयोजक), डा. राजु अधिकारी, डा. प्रमोद ढकाल, डा. अम्बिका अधिकारी, डा. द्रोण रसाली, डा. हेम राज शर्मा, मन के.सी, डा. शोभाकार ढकाल, डा. बेनु ढकाल र राजेश राणा सदस्य रहको एक कार्यदल गठन गरि कार्ययोजनाहरु तर्जुमा गर्ने जिम्मेवारी दिएको छ । बिश्व भरि छरिएर रहेका नेपालीहरुको श्रोत साधन परिचालन गरि सहयोग परिचालन गर्दै प्रतिस्ठानलाई नेपालमा कार्यालय रहने गरी स्थापना गर्ने सोच बनाईएकोछ। प्रतिष्ठानको अल्पकालीन परियोजना 'क्अष्भलअभ ायच तजभ उभयउभि' नामक एउटा जनचेतना तथा जनसहभागीता मूलका अभियान रहेको छ भने दिर्घकालिन योजना अन्तर्गत नेपालमा दिगो तथा समय सापेक्ष्य बिज्ञान तथा प्रविधि बिकास गन सहयोग गर्ने रहेकोछ ।

विज्ञान प्रतिष्ठानले सञ्चारमाध्यामहरु, शिक्षा र योजना निमार्णका क्षेत्रमा कार्यक्रमहरु तयार पारेर सर्वसाधारणमा विज्ञान संस्कृति एवं सजगता फैलाउने लक्ष्य लिएको छ । यस अन्तर्गत प्रारम्भिक चरणमा प्रतिष्ठानका तर्फबाट पत्रकारहरुका लागि ६ वटा गहन विज्ञान लेखन वृत्तिहरु, विज्ञान विषयको अध्ययन गर्ने मेधावी छात्र छात्राहरुलाई प्रोत्साहन पुरस्कारहरु र विज्ञान पत्रकार संघलाई सम्मेलन आयोजन ागर्न सहयोग प्रदान गर्ने कार्यक्रमहरु छन् । यसै गरी आगामी अक्टोबरमा नेपालको विज्ञान तथा प्रविधि शिक्षा क्षेत्रको नीति तर्जुमा तथा निर्माण सम्बन्धि गोष्ठी संचालन गरिने भएको छ । यस गोषिठमा नेपाल सरकार, गैरआवासीय नेपाली र नीजि क्षेत्रका सरोकारवालाहरुको सहभागीता रहनेछ । मुख्यतया यस गोष्ठीको उदेश्य नेपालका विद्यालयहरुका शैक्षिक पाठ्यक्रममा विज्ञान बिषयलाई प्रथामीक्ताका साथ समावेश गरि विकास गर्न टेवा पुराउनु रहेको छ । प्रतिष्ठान अन्तर्गत एक अक्षयकोष स्थापना गर्न हालसम्म डा. उपेन्द्र महतो, भवन भट्ट, शेष घले, चन्द्र योञ्जन र एनआरएन अष्ट्रर्लियाले सहयोग गर्नु भएकोछ ।

विदेशमा बस्नुहुन्छ ? नेपालको जग्गा अर्कैले बेचिदेला नि !

विदेशमा रहेकी महिलाको जग्गा किर्ते कागजपत्रका आधारमा बेचेको अभियोगमा दुई जना पक्राउ परेका छन् । बर्दियाकी निर्मला थापाको काठमाडौं सुन्दरीजलमा रहेको ७ आना जग्गा बेचेको अभियोगमा केन्द्रिय अनुसन्धान व्युरोले ताराकुमार बस्नेत र राधिका थापालाई पक्राउ गरेको हो। थापा विदेश गएको मौका पारेर उनीहरुले नक्कली नागरिकता र नक्कली लालपूर्जा बनाएर अर्कैको नाममा जग्गा बेचेको व्युरोले जानकारी दिएको छ। उनीहरुले नक्कली लालपुर्जाका आधारमा अधिकृत वारेसनामा प्रमाणित गरी रामबहादुर कार्कीको नाममा २०६६ फागुन २० गते जग्गा नामसारी गरेका थिए।

किर्तेका योजनाकार संजिव खडकानै रामकुमार कार्की बनेका थिए। व्युरोले उनलाई फागुन ३० गते पक्राउ गरिसकेको छ। प्रहरीका अनुसार खड्काले जग्गा आफ्नो नाममा नामसारी गराएर झापा जुरोपानी-१ की साबित्रा घिमिरेलाई २२ लाख रुपैयाँमा बेचेका थिए। प्रहरीका अनुसार बस्नेत सो प्रकरणको मुख्य योजानकार हुन्। उनलाई व्युरोको प्रहरीले कोटेश्वरबाट र नक्कली नागरिकताका आधारमा सुनिता बस्नेत बन्ने थापालाई कटुञ्जेबाट पक्राउ गरेको हो। व्युरोले दुबैलाई कारबाही तथा थप अनुसन्धानका लागि बुधवार महानगरीय प्रहरी परिसर हनुमानढोकामा बुझाएको छ।

कलियुगकी द्रौपतिको कथा

भारतको देहरादुन नजिकैको गाउँमा ५ पतिका साथ जीवन बिताइरहेकी २० बर्षीया राजो बर्मा अहिले पश्चिमी मिडियाको प्राथमिकताको सूचीमा छन् । पौराणिक महाभारतको कथामा उल्लेख गरिएको एक द्रौपतिले ५ पाण्डव दाजुभाईसँग बिहे गरेरझैं राजो ५ दाजुभाईलाई पति मानेर जीवन बिताइरहेकी छिन् ॥ उनको काखमा भएको १८ महिनाको छोरोको बुवा ५ मध्ये को हुन् भन्नेसम्म यकिन उनलाई छैन् । बिहे गरेको पुरुषका दाजुभाईलाई पनि पति मान्नु पर्ने यो समुदायको रिति अनुसार उनको यी पाँच दजुभाइे पति भएका हुन् । चार बर्षअघि गुड्डुसँग विवाह गरेपछि उनलवे उनका चारै दाजुहरुलाई पति मान्नु परेको छ । 'सबैलाई पति मान्नुपर्ने थाहा थियो तै पनि बिहे गरेर आएँ', कभर एसिया प्रेसलाई उनले भनेकी छन्,'सुरुमा अप्ठेरो लागेपछि बिस्तारै बानी हट्यो ।' उनले आफ्नो आमाको पनि तीन जना पति भएकाले धेरै अप्ठेरो अनुभव नभएको प्रतिक्रिया दिएकी छन् ।

समुदायको परम्परा अनुसार उनले ३२ बर्षका बज्जु, २८ बर्षका शान्तराम, २६ बर्षका गोपाल र १८ बर्षका दिनेशलाई पति स्वीकार्नु परेको छ । तर, उनीहरु आफू खुशीसाथ बसेको बताउँछन् । उनलाई बिहे गर्ने २० बर्षीया गुड्डुले आफ्ना सबै दाजुभाई रामोसँग पालैपालो सुत्ने गरको भए पनि आफूलाई कुनै इर्श्या नभएको बताउँछन् । 'हामी ठूलो सुखी परिवार छौं', उनलाई उद्धृत गर्दै कभर एसिया प्रेसले लेखेका छ । सबैभन्दा जेठा बज्जुले आफूले रामोलाई पत्नी ठानेर सँगै सुत्ने गरेको बताउँछन् । ५ जना दाजुभाई मजदुरीका लागि देहरादुन जाने गरेका छन् । उनीहरुको एक कोठे घरमा उनीहरु कम्बल ओछ्याएर पालैपालो राजोसँग सुत्ने गरेको कभर एसिया प्रेसले जनाएको छ ।

१३८ वर्षदेखि गरिदै आएको जंगबहादुरको श्राद्ध सम्पन्न

नेपालमा निरंकुश जहानियाँ शासनको सुरुवात गर्ने जंगबहादुर राणाको निधन भएको १३८ वर्ष भइसकेको छ । तर, उनको आत्माको वैकुण्ठवासको प्रार्थना गर्दै उनको श्राद्ध अझै पनि गर्ने गरिएको छ । यस वर्ष पनि त्रिपुरेश्वरस्थित कालमोचनघाटमा गुठी संस्थानले जंगबहादुर राणाको श्राद्ध गऱ्यो । श्राद्धकर्ता थिए गोविन्दप्रसाद कोइराला । कोइराला प्रसूतिगृहमा काम गर्छन् । यसैगरी, जंगबहादुर राणाको श्राद्धका पुरेत थिए पुरुषोत्तम मिश्र । श्राद्ध गरिसकेपछि कर्ताले पुरेतलाई १३ सय रुपैयाँ दान दिए । यसैगरी मिश्रका छोरा-छोरी र पत्नीलाई कोइरालाले मिष्ठान्न भोजन पनि गराए । जंगबहादुरको श्राद्ध खान वरिपरिका केही मान्छे पनि आएका थिए । उनीहरूलाई पनि मिष्ठान्न भोजन उपलब्ध गराइएको थियो । श्राद्धमा खीर, रोटी, तरकारी, लड्डुलगायतका परिकार बनाइएका थिए । श्राद्धकर्ताले श्राद्ध खान आउने सबैलाई एक-एक रुपैयाँको सिक्का दक्षिणा दिए । श्राद्ध बिहान नौदेखि बाह्र बजेसम्म गरिएको थियो ।

जंगबहादुरको श्राद्ध हरेक वर्ष दुईपटक कालमोचनघाटमा रहेको जंगे हिरण्य हिमनारायण मन्दिरनजिकै गरिन्छ । मन्दिरनजिकै जंगबहादुरको मूर्ति छ । हिरण्य र हिमकुमारी जंगबहादुरका रानी थिए । उनीहरूकै नाममा जंगबहादुरले मन्दिर स्थापना गरेका थिए । मन्दिरभित्र जंगबहादुरको चर्चा गरिएको शिलापत्र पनि छ । शिलापत्र सम्मुख पारेर श्राद्ध

गरिने परम्परा रहेका छ । फागुन शुक्ल द्वादशी उनको श्राद्धतिथि हो । यो वर्ष भने एक महिना ढिलो भई चैतमा परेको छ । यसैगरी, उनको अर्को श्राद्ध आगामी असोज महिनामा गरिँदै छ ।

विसं १९३० साल फागुन १२ गते बर्दियाको पत्थरघट्टामा सिकार खेल्न गएको वेला जंगबहादुरको रहस्यमय निधन भएको थियो । उनको निधनबारे अनेक किंवदन्ती छन् । कोही सपनामा सेतो बाघ देखेर उनको निधन भएको भन्छन् भने केहीले पखालाका कारण निधन भएको चर्चा गर्छन् । त्यस्तै, केहीले जंगबहादुरबाट बलात्कृत युवतीका बाबुले रिस थाम्न नसरी उनको शिरच्छेदन गरेको चर्चा गर्ने गरेका छन् । जंगबहादुरले जिउँदो छँदै आफूलाई सबैले चिनून् भनी आफ्नो नाममा राजगुठी स्थापना गरेका थिए । सो गुठीले अहिले त्रिपुरेश्वर कालमोचन क्षेत्रमा ३० रोपनी जग्गा ओगटेको छ । उक्त जग्गा भाडामा दिइएको छ । भाडाबाट आएको आम्दानीले श्राद्ध गर्न पुग्छ । बाँकी रकम गुठी संस्थानमा पुऱ्याइने गरिन्छ । जंगबहादुरको निधन भएपछि उनकी रानी हिमकुमारीले आफ्ना पतिको वैकुण्ठवास होस् भन्ने कामना गर्दै पतिका नाममा ब्राह्मणलाई दान दिन र मिष्ठान्न भोजन गराउन थालिन् । हिमकुमारीले पतिको आत्माको चिरशान्तिको कामना गर्दै श्राद्ध गर्ने संस्कार थालेकी हुन् । त्यसपछि अहिलेसम्म त्यो परम्परा कायमै रहेको छ । जंगबहादुरको श्राद्ध खान आउनेलाई एक-एक रुपैयाँको सिक्का दान गर्ने परम्परा पनि हिमकुमारीले नै बसालेकी हुन् । सुरुमा 'श्री ३ सरकार गुठी बन्दोबस्त अड्डा'ले जंगबहादुर राणाको श्राद्ध गऱ्यो, तर अहिले भूमिसुधार तथा व्यवस्था मन्त्रालयअन्तर्गत गुठी संस्थान तथा खर्च कार्यालयले जंगबहादुरको श्राद्ध गर्दै आएको छ ।



यस वर्ष जंगबहादुरको श्राद्ध गर्न गुठी संस्थानले १५ हजार रुपैयाँ विनियोजन गरेको थियो । कालमोचनघाटका कर्मचारी पनि जंगबहादुरको श्राद्धका पाहुना बने । उनीहरूलाई पनि श्राद्धकर्ताले एक-एक रुपैयाँको सिक्का दक्षिणा दिएका थिए । 'गुठी संस्थानले हरेक वर्ष दुईपटक जंगबहादुर राणाको श्राद्ध गर्ने गरेको छ । त्यो परम्परालाई निरन्तरता दिँदै आइतबार हामीले उहाँ -जंगबहादुर राणा) को श्राद्ध गऱ्यौं,' त्रिपुरेश्वरस्थित कालमोचनघाटका प्रमुख जयराम रेग्मीले भने, 'जंगबहादुरको श्राद्ध यसपटक पनि सबै विधि पुऱ्याएर गरिएको छ ।' जंगबहादुर राणाको बाल्यकालको नाम बालनरसिंह कुँवर थियो । उनले जहानियाँ शासन सुरु गरेपछि आफ्नो नामथर फेरेर जंगबहादुर राणा राखेका थिए । जंगबहादुरको श्राद्धमा पुरेत्याइँ गर्दै आएका एकजना ब्राह्मणले केही वर्षपहिले बाग्मतीमा हामफालेर आत्महत्या गरेका थिए । त्यस घटनापछि उनको श्राद्धमा पुरेत हुन कसैले पनि मान्न छाडे । यस वर्ष श्राद्धकर्ता कोइरालाले पुरेत खोजेका थिए । जंगबहादुर राणा निकै कठोर शासक थिए । त्यसैले उनको श्राद्धमा सबै विधि अपनाउने र त्यसलाई भव्य बनाउने परम्परा छ । जंगबहादुरको श्राद्धमा उनका सन्तति भने देखिएका थिएनन् ।

भारतीय विज्ञापनको करामत



भारतको विज्ञापन कम्पनी जे.डब्ल्यु.टी एडभर्टाइज कम्पनीले अमेरिकी सवारी साधन फोर्डको बजार विस्तारका लागि फोर्ड ईण्डिया मोटरको विज्ञापनका लागि बनाएर प्रचार प्रसारमा ल्याइएको विज्ञापनले विश्वमा नै चर्चाको विषय बन्न पुगेको छ भने यो विज्ञापन प्रचारमा ल्याइएको दुई दिनमा नै तुरन्तै प्रचार प्रसारबाट फिर्ता झिकिएको छ । यसका लागि ईण्डियन फोर्ड कम्पनी र विज्ञापन कम्पनी जे.डब्ल्यु.टी

एडभर्टाइजले माफी मागेको छ । यस विज्ञापनमा ईटालीमा पुर्व प्रधानमन्त्री सिल्भियो बालुस्कोनीलाई तीनजना महिलाहरुलाई बन्दी बनाएर फोर्डको नयाँ मोडल फिगोज्को पछाडिको ट्रकमा राखेर आफु चालक सिटमा बसेर विजयको संकेत देखाएर हाँसी रहेको देखाइएको छ । ईटालीमा पुर्व प्रधानमन्त्री सिल्भियो बालुस्कोनीलाई यस्तै यौन काण्डमा दोषी पाएर सजाय भएको थियो । यस्तै प्रकारको विज्ञापन पेरिस हिल्टनलाई चालक सिटमा राखेर आफ्ना टेलिभिजनका प्रतिद्वन्दी तीनजना कर्डाशियन बहिनीहरुलाई भित्रीवस्त्रमा त्यसरी नै पछाडिको ट्रकमा राखेर देखाइएको थियो ।

गत डिसेम्बरमा भारतको दिल्लीमा एउटी महिलामाथी बसभित्र भएको सामुहिक बलत्कारको विरोधमा देशनै तातिएको अवस्थामा यस्तो प्रकारको महिला बन्दी बनाइएको विज्ञापनले समाजमा नराम्रो असर पर्ने बारे सामाजिक सञ्जाल मार्फत प्रचार प्रसार भएपछि विज्ञापनलाई तुरन्तै रोकिएको थियो ।

अमेरिकन आप्रवासीहरुलाई कानुनी हैसियत प्रदान गर्ने

राष्ट्रपति बराक ओबामाले आफ्नो दोस्रो कार्यकालको पहिलो सत्र अप्रिल दोस्रो साताबाट बिपक्षी रिपब्लिकन, विज्ञहरुको सुझाव र सहमति सहित करिब १२ मिलियन अनाधिकृत अमेरिकन आप्रवासीहरुलाई कानुनी हैसियत प्रदान गर्ने प्रक्रिया सुरु गर्ने भएका छन् । गत नोभेम्बरमा दोस्रो कार्यकालका लागि निर्वाचित भएका राष्ट्रपति बराक ओबामाले आफूले पहिलो कार्यकालका लागि निर्वाचित हुनु अघि गरेको वाचा अनुरुप अमेरिकामा बसोबास गरिरहेका करिब १२ मिलियन अनधिकृत आप्रवासीहरुलाई 'एम्नेष्टी' मार्फत कानुनी हैसियत प्रदान गर्ने भएका हुन् । राष्ट्रपति बराक ओबामाले बिपक्षी रिपब्लिकन, विज्ञहरुको सुझाव र सहमति सहित ल्याउन लागिएको प्रस्तावित विधेयक अमेरिकाको हाउस अफ रिप्रिजेन्टेटिभका सिनेट कमिटि (जसलाई ग्याङ अफ एट पनि भनिन्छ) को ८ सदश्य समूह अप्रिल पहिलो साता भित्र मस्यौदा प्रस्तुत गर्ने तयारीमा रहेको जुटेको छ ।

सिनेट मार्फत आउन लागेको प्रस्तावित बिलबारे यति बेला अमेरिकी बजार गर्माएको छ । सिनेटका डेमोक्र्याट सदस्यहरु रोबर्ट मेनेन्डेज, माइकल जेनेट, चालर्स सुमर र डिक डर्बीन र रिपब्लिकनका जोन मेकन, लिन्डसे, मार्को रुबियो र जेफ फ्लेकहरु अप्रिलको पहिलो साता भित्र अनाधिकृत अमेरिकन आप्रवासीहरुलाई कानुनी हैसियत प्रदान गर्ने विधेयक सदनमा छलफलका लागि ल्याउने अन्तिम तयारीमा जुटेका छन् ।

सिनेट कमिटिको ग्याङ अफ एट पनि भनिन्छ यति बेला, जुन समूह आप्रवासीहरुलाई कानुनी हैसियत प्रदान गर्ने विधेयकका कारण अमेरिकामा निकै चर्चित समेत रहेको छ । स्रोतले दिएको जानकारी अनुसार राष्ट्रपति ओबामाले यस विषयमा विपक्षी रिपब्लिकन र विज्ञहरुसंग आन्तरिक छलफल र परामर्श गरि रहेका छन र छिट्टै यो बिललाई साझा सहमति सहित तल्लो सदन हाउस अफ रिप्रेजेन्टेटिभमा आगामी अप्रिल पहिलो साता बाट छलफलमा ल्याइने तयारी हुँदै छ ।

यद्यपि २०१३ को अगस्टमा कार्वान्वयनमा ल्याइने भनिएको 'एम्नेष्टी' मा विपक्षी रिपब्लिकनहरुले अमेरिकामा वसोवाश गरिरहेका अनाधिकृत आप्रवासीहरुलाई कानुनी हैसियत प्रदान गर्दा उनीहरु अमेरिकामा वसोवाश गरेको अवधि तोकिनु पर्ने अडान राखेका छन् भने भर्खरै विपक्षी रिपब्लिकन नियन्त्रित तल्लो सदन हाउस अफ रिप्रेजेन्टेटिभबाट अनुमोदन भएको डाईवर्सिटी भिषा खारेजी विललाई डेमोक्र्याट नियन्त्रित माथिल्लो सदनबाट अनुमोदन गरिनु पर्ने सर्त अघि सारेका छन् । तर राष्ट्रपति बराक ओबामा र उनको दल डेमोक्र्याटले बिल पास हुनु अघि अमेरिका प्रवेश गरेका अनाधिकृत आप्रवासीहरुलाई कानुनी हैसियत प्रदान गरिनु पर्ने आफ्नो अडानलाई निरन्तरता दिएका छन् ।

न्युयोर्कका कानुन व्यावसायी केशव राज सेढाईले दिएको जानकारी अनुसार अनाधिकृत आप्रवासीहरुले आफू अमेरिका प्रवेश गरेको र अमेरिकामा वसोवाश गरेको प्रमाण खुल्ने तथ्यहरु पनि कानुनी हैसियत प्राप्त गर्ने आधार हुन सक्ने छ । उनका अनुसार राष्ट्रपति बुशले अनाधिकृत आप्रवासीहरुलाई कानुनी हैसियत प्रदान गर्ने 'एम्नेष्टी' ल्याउने तयारि गरे

पनि उनको दल रिपब्लिकन नियन्त्रित तल्लो सदन हाउस अफ रिप्रेजेन्टेटिभले अस्विकार गरेको कारण लम्बिदै गएको अनाधिकृत आप्रवासीहरुलाई कानुनी हैसियत प्रदान गर्ने बिल अर्थात् 'एम्नेष्टी' ल्याउने सरकारी प्रयाशको त्राशदी पूर्ण आतंकबादी हमलाका कारण स्थगित भएको थियो ।

स्रोतका अनुसार प्रस्तावित विधयेकमा १२ मिलियन अनाधिकृत आप्रवासीहरुको कानुनी हैसियत प्राप्त गर्ने प्रस्तावित योजना अनुशार कागजपत्रविहिन आप्रवासीहरुले काम गर्न पाउने अनुमतिका लागि आफूलाई दर्ता गराउन सक्नेछन् र उनीहरुले ६ वर्ष देखि ८ वर्ष सम्म काम गर्ने अनुमति पत्र प्राप्त गर्ने छन् । काम गर्ने अनुमति प्राप्त व्यक्तिले ३ वर्ष पुगे पछि अमेरिकी नागरिकताको लागि आवेदन दिन सक्ने छन् ।

नागरिक बन्न पाउने अवधि भन्दा अगाडिको लागि यो नै उनीहरुको पहिलो अवसर र उपलब्धि हुनेछ । अमेरिकी सरकारी रेकर्डमा दर्ता भइसकेपछि उनीहरुलाई प्रारम्भिक कानुनी हैसियत प्राप्त हुनेछ । तर नागरिकताको लागि भने काम गर्न अनुमति प्राप्त व्यक्तिले अनुसन्धानमा पास हुनुपर्ने, सरकारलाई कर तिर्नुपर्ने, नागरिक नबन्दासम्म संघीय सुविधाहरु लिन नपाउने लगायतका प्रावधानहरु समाबेस गरिएका छन् ।

१२ मिलियन भन्दा बढी अनाधिकृत आप्रवासीहरुको मुद्दालाई आधार बनाएर २००८ मा डेमोक्र्याटका उम्मेदबार बराक ओबामा अमेरिकी राष्ट्रपति पदमा निर्वाचित भएका थिए भने उनको दोस्रो कार्यकालको जन समर्थनको मुख्य आधार पनि आप्रवासीहरुलाई कानुनी हैसियत प्रदान गर्ने रहेको थियो । पहिलो कार्यकालमा रिपब्लिकन नियन्त्रित तल्लो सदन हाउस अफ रिप्रेजेन्टेटिभमा भएको खिचातानी र ओबामा केयर स्वास्थ्य सुधार योजना माथि भएको चर्को बहसका कारण आफ्नो वाचा अनुरुप अनाधिकृत आप्रवासीहरुको मुद्दा सम्बोधन गर्न सकेनन् ।

स्रोतले दिएको जानकारी अनुसार अमेरिकी राष्ट्रिय सुरक्षासंग सम्बन्धित कुनै अप्रिय घटना नभएमा आगामी अप्रिल महिनाको दोस्रो साताबाट अनाधिकृत आप्रवासीहरुको प्रस्तावित विधयेक माथि छलफल सुरु हुनेछ र विधयेक तल्लो सदनमा अनुमोदन भय लगत्तै बिपक्षी रिपब्लिकन र बिज्ञहरुको सुझाव र सहमति सहित अनुमोदित विधयेक डेमोक्र्याट नियर्नत्रित माथिल्लो सदनबाट अनुमोदन गरि २०१३ को अगस्टमा कार्वान्वयनमा ल्याइने तयारी रहेको छ । जुन 'एम्नेष्टी'ले अमेरिकामा वसोवाश गरिरहेका करिब १२ मिलियन अनाधिकृत आप्रवासीहरुलाई कानुनी हैसियत प्रदान गर्ने छ । यसै बीच नेपाली मुलका हजारौँ अनाधिकृत आप्रवासीहरु जसले वर्षौं सम्म अमेरिकामा कानुनी हैसियत पाएका थिएनन् उनीहरु पनि अमेरिकी मुलधारमा समाहित हुने कानुनी हैसियत पाउने खबरले हर्षित भएका छन् । (पुरुषोत्तम ढकाल, भर्जिनिया)

ग्रामिण समुदायमा इच्छाविपरीत गर्भाधान गर्नुपर्ने बाध्यता

आफ्नो इच्छाविपरीत नेपालका ४१ प्रतिशत महिलाले गर्भधारण गर्नुपरिरहेको तथ्याङ्क यहाँ सार्वजनिक गरिएको छ। गर्भधारण गर्ने वा नगर्ने सम्पूर्ण अधिकार महिलामा निहीत भए पनि आफ्नो अधिकार प्रयोग गर्नबाट धेरै प्रतिशत महिला बञ्चित हुनु महिला सशक्तीकरणविरुद्ध रहेको यथार्थ तथ्याङ्कले देखाएको छ।
नेपाल मुस्लिम समाज विकास चेतना केन्द्रद्वारा आज यहाँ आयोजित अन्तरक्रिया कार्यक्रममा प्रस्तुत गरिएको तथ्याङ्कअनुसार सुरक्षित गर्भपतनसम्बन्धी ऐन लागू भएको १० वर्षको अवधिसम्म पनि मुलुकका १३ प्रतिशत महिलाले इच्छा भएर पनि गर्भपतन गराउन पाएका छैनन् । "पुरातनवादी सामाजिक मान्यता तथा पुरुषवादी मानसिकताका कारण महिलाले चाहेर पनि गर्भपतनको अधिकार प्रयोग गर्न सकेका छैनन्,"-सामाजिक संस्था कृपा नेपालका निर्देशक प्रभाकर श्रेष्ठको भनाइ छ। सुरक्षित गर्भपतन स्वास्थ्य केन्द्रहरू सहरमा मात्र केर्नद्रत हुनु, परिवारभित्र महिलाको आर्थिक हैसियत कमजोर हुनु, समाज अझै महिलामैत्री हुन नसक्नुलगायतका कारणले गर्भधारण गर्ने वा नगर्ने, गर्भपतन गर्ने वा नगर्ने अधिकारको प्रयोगमा महिला कमजोर देखिएको तथ्याङ्कमा उल्लेख छ । विशेष गरेर ग्रामिण भेगमा पुरुषप्रधान समाजको मान्यतालाई बाध्यतावस् महिलाहरुले स्वीकर्नु परेको छ । त्यसैले महिलाले आफ्नो ईच्छा विपरित श्रीमानको चाहना पुरा गर्नु पर्ने र ईच्छा विपरित गर्भाधान गर्नु पर्ने बाध्यता अहिलेसम्म पनि यथावत रहेको छ । रासस

भारतमा सरकारी दवावका कारण पाँच नेपालीद्धारा आत्महत्या

भारतको गुजरात राज्यको अहमदावादमा बस्दै आएका नेपाली परिवारलाई भारतीय सरकारी कर्मचारी, छर छिमेक र स्थानीय राजनैतिक नेताहरुसमेतले आफू बसोवास गर्दै आइरहेको घर छाड्न दवाव एवं धम्की दिन थालेपछि लगातारको डरत्रास र धम्की पश्चात त्यहाँ स्थीत एकै परिवारका पाँचजना नेपालीहरुले आफैलाई आगो लगाई आत्महत्या प्रयास गर्दा ३ जनाको मृत्यु भइसकेको छ भने बाँकी दुई गम्भीर अवस्थामा रहेका छन् । भारतीय द्रनिक हिन्दुस्तान टाइम्सले जनाएअनुसार अहमदावादस्थीत राजकोट नगरपालिकामा बसोवास गर्ने ती नेपाली परिवारलाई त्यहाँको नगरपालिकाका कर्मचारी, समाज र स्थानीर राजनैतिक नेताहरुलेसमेत आफू लामो समयदेखि बसोवास गर्दै आइरहेको घर छाड्न दवाव दिइएको र नछाडेमा भत्काउनेसमेत धम्की दिएको थियो । तीन जना महिला सहितको एकै परिवारका पाँचै जना सदस्यहरुले गत बुधवार दिउँसो आफ्नो जिउज्यानको सुरक्षाका लागि आत्मदाह गर्न बाध्य भएका थिए । मृत्यु हुनेहरुमा ३५ बर्षीय आशावेन भरतभाई, २५ वर्षीय गिरिष मानसिंह र ४० बर्षीय भरत मानसिंह रहेका छन् भने घाइतेहुनेहरुमा ६० बर्षीय वासुमती मानसिंह र ३२ बर्षीय रेखा महेन्द्रभाई रहेका छन् ।

हामीलाई यहाँको सरकारी कर्मचारी, समाजका सदस्यहरु र स्थानीय राजनैतिक नेताहरुले समेत हामी बसोको घर गैरकानूनी भनेर खाली गर्न धम्की दिइरहेका थिए । उनीहरुले हाम्रो घरलाई भत्काउने समेत धम्की दिएका थिए,'. सोही नेपाली समूदायका पिडित महिला गौरीले बताइन् । उक्त घट्नापछि राजकोटमा सुरक्षा गार्डकारुपमा कार्यरत थुप्रै नेपालीहरुलाई त्रसित बनाएको छ ।

९०० स्क्वाएर यार्डको उक्त जग्गमा गैरकानूनी तवरले घर बनाइएको भनी सरकारले अनुसन्धान गरेपश्चात उक्त इलाकामा बसोवास गर्ने नेपालीहरु अदालतमासमेत पुगेका थिए । साथै अदालतले नेपाली समूदायको हितमा हुनेगरी फैसला समेत गरेका थिए । त्यसका बावजूत पनि ती पाँच नेपालीहरुले आफूलाई हटाइने डरले आत्महत्या गरेका हुन्, समाचार स्रोतले बताउँछ ।

डिसी दूताबासले नेपाल प्रबदर्धनको लागि बिबिध कार्यक्रमको आयोजना गर्ने

नेपालमा अमेरिकन पर्यटनहरुलाई भित्र्याउने लक्ष्य लिदै 'नेपाल प्रवदर्धन २०१३' लाई केन्द्रित गर्दै वासिङ्टन डिसीस्थित नेपाली दूतावासको सक्रियतामा अमेरिकामा नेपाली पर्यटन सम्बन्धी विभिन्न प्रकारका कार्यक्रमहरु आयोजना गरिने भएको छ । जस्को मूल उदेश्य नेपालप्रति सद्भाव राख्ने व्यक्तित्वहरु एवं विभिन्न नेपाली संघसंस्थाहरुको सहभागिता रहनेछ ।

नेपाली नया बर्ष २०७० लाई लक्षित गरि सो अवसर संगै कार्यक्रम सुरु गरिने दुताबासले जानकारी गराएको छ । दूतावासका अनुसार वासिङटन डिसी र बिभिन्न राज्यहरुको शहरमा कार्यक्रमहरु गरिने छन् । नेपाली पर्यटन उद्योगमा अमेरिकी पर्यटकहरुको महत्वपुर्ण स्थान रहँदै आएको छ । भारत र चीन पछि नेपाल भित्रिने पर्यटकहरुको सूचीमा अमेरिका अग्रपंक्तिमा पर्दछ । पछिल्लो तथ्याङ्कका अनुसार सन २०१२ मा हवाई मार्गबाट नेपाल भित्रिने अमेरिकी पर्यटकहरुको संख्यामा दश दशलमब ८ प्रतिशतले वृद्धि हुदै झण्डै ४२ हजार पुगेको थियो । राजदुत डा.शंकर शर्माले नेपाली पर्यटन उद्योगमा अमेरिकी पर्यटकहरुको सहभागिता र सक्रियता बढदै गएको पृष्ठभुमिमा यस्ता प्रकारका कार्यक्रमले थप ऊर्जा दिने र बिगतमा संचालन गरिएको यस्ता प्रकारका कार्यक्रमहरु प्रभावकारी भएको जानकारी दिनु भएको छ पिर्यटन प्रवदर्धन अन्तर्गत यहि आउदो अप्रिल १४ अर्थात वैशाख १ मा ग्लोबल नेपाल मिडियाको आयोजनामा नेपाल उत्सब र नेपालको युवा नामक संस्थाद्वारा 'वाक फर नेपाल' कार्यक्रम हुनेछ । गत बर्ष पनि दूताबासले नेपाल प्रबदर्धन सम्बन्धि कार्यक्रममा सहभागी जनाएको थियो भने यो बर्ष पनि दूतावासले सहयोग गर्ने तथा प्रवदर्धनात्मक सामाग्रीहरु उपलब्ध गराउने भएको छ । दूतावासले आगन्तुक विदेशीहरुलाई नेपाल भ्रमणका लागि उत्प्रेरित गर्ने र भिसा (प्रवेशाज्ञा) सम्बन्धि जानकारी उपलब्ध गराउने कार्य गरिनेछ । अप्रिल २७ मा फ्लोरिडाको टेम्पामा आयोजना हुने एसिएन उत्सबमा नेपालको तर्फबाट दुताबासले सहभागिता जनाउने पनि भएको छ ।

कार्यक्रमलाई निरन्तरता दिदै मई ३ मा डिसीस्थित एसियन हेरिटेन फाउन्डेसनको तत्वावधानमा वेष्ट ईन्ड चलचित्रमा नेपाली चलचित्र हाईवे प्रर्दशन गरिनेछ । जसका माध्यबाट नेपालको पर्यटन व्यवसायमा सहयोग मिल्ने आशा गरिएको छ ।
त्यसैगरि मई ४ मा डिसीस्थित राजदूत निवासमा नेपाली फुड फेस्टिबल (खाना उत्सब) आयोजना गरिने छ । वाशिंगटन डिसी क्षेत्रमा निरन्तरता दिई रहेको पासपोर्ट डिसी संस्थाले आयोजना गर्ने कार्यक्रममा पर्यटन प्रवदर्धनात्मक सामाग्रीको वितरण, नेपालको पर्यटन गतिविधि तथा पर्यटक भिसा सम्बन्धी जानकारी, नेपाली कला संस्कृतिको प्रस्तुतिका साथै आगन्तुकहरुलाई निशुल्क नेपाली परिकारको खाजाको व्यवस्था गरिनेछ । त्यसको अर्को दिन अमेरिकी र अन्य विदेशी पाहुनाहरुका नेपालको लोक संस्कृति, नृत्य, कला र संगीतको मनोरन्जन तथा जानकारी दिन दूतावासले यहाँ रहेका नेपाली समुदायको समेत सहयोग तथा सहभागितामा साँस्कृतिक कार्यक्रम गर्ने भएको छ । यो कार्यक्रमको सञ्चालन अमेरिकी विश्वविद्यालय को ग्रीनवर्ग थिएटरमा हुनेछ ।

यसै गरि मई १८ मा एसियन हेरिटेज फेस्टिबलमा नेपाली दुतावासले नेपाली पर्यटन सम्बन्धी कार्यक्रम सञ्चालन गर्नेछ । नेपाली सम्बृद्ध कला तथा साँस्कृतिक सम्पदालाई परिचित तथा जीवन्त बनाइराख्न नेपाली दूतावासले आफ्नो प्रदर्शन कक्ष(स्टल)राख्नेछ । सो उत्सबमा वासिङटन महानगर क्षेत्र वरपरका करिब तीस हजार व्यक्तिहरुले सो कार्यक्रमको अवलोकन गर्ने अनुमान गरिएको छ ।

शेखर ढुङ्गेलका तीन कृति विमोचित

बिगत दुइ दशक देखि गीत ,कविता ,कथा ,यात्रा स्मरण लगयात सम सामुहिक बिषय मा निरन्तर कलम चलाई रहेका शेखर ढुंगेल साहित्य क्षेत्रमा नया नाम होइन .नेपाली भाषा साहित्य को श्रीवृद्धि एबम सृजनामा लामो समय अगाडी देखि लागि परेको नाम हो शेखर ढुंगेल .स्वदेश बाट धेरै टाढा रहे पनि ढुंगेल ले लेखन कार्य लाइ छोडेका छैनन् .नेपाल अमेरिका पत्रकार संघ का पुर्व उपाधक्ष रहि सकेका ढुंगेल ले यहि मार्च ३१ तारिख का दिन न्यु योर्क मा नेजा द्वारा आयोजित एक भब्य समारोह मा आफ्ना तिन बिबिध बिधा का कृतिको बिमोचन गरेका छन् .संयुक्त राष्ट्र संघ को लागि नेपाली नियोग कि का मु .प्रमुख सेवा अधिकारी, नेजा का अधक्ष्य आङछिरिंग शेर्पा



,नेजा का पुर्व अधक्ष्य कृष्ण शर्मा तथा ढुंगेल स्वयम ले संयुक्त रुपमा बिमोचन गर्नु भएको थियो .समाज का सम सामुहिक सन्दर्भ र प्रसंग मा आधारिक २१ वटा कथा को संगालो “क्षितिज पारिका सपना हरु “,उनले बिगत २० बर्ष मा भ्रमण रकाम गरेका बिभिन्न देश लगायत अमेरिका मा बटुलेका अनुभब लाइ “ब दभबगतषगा वयगचलभथ या कतचगननभि “नाम को यात्रा स्मरण र आफ्नो तेस्रो गीति संग्रह “कुनै दिन ....“गरि तिन कृति बिमोचन गरेका हुन् .नेपाल का चर्चित संगीतकार टिका भण्डारी को एक्ल संगीत रहेको र म्युजिक नेपाल ले बजार मा लेराएको सो गीति संग्रह मा प्रमोद खरेल ,राजेश पायल राइ ,शिब परियार ,बिस्व नेपाली ,मनोज राज शिवाकोटी ,प्रबिशा अधिकारी ,इतू जोजिजु र स्वयम टिका जी को समेत मधुर आवाज रहेको छ .स्मरण रहोस यस अगाडी उनले “शेखर का सय कबिता “.“कहाँ छ मेरो देश ?“(यात्रा स्मरण)र सम्झना एबम आकांक्षा गीति संग्रह प्रकाशित गरि सकेका छन् .

प्रमुख अतिथि सेवा अधिकारी ले मन्तब्य राख्दै भन्नु भयो अमेरिका को व्यस्तता को बावजुद आफ्नो भाषा साहित्य र सस्कृति को क्षेत्रमा निरन्तर लाग्नु र यसरि एकै पटक तिन वटा कृति हरु प्रकाशन मा लेराउन सक्नु प्रंससनिय कार्य हो .देश को विस्तार भूगोल ले मात्र हुने होइन भाषा ,साहित्य र कला ले हुने हो भन्दै अधिकारी ले थप्नु भयो ढुंगेल ले देश को परिबर्तन को लागि नागरिक आचार संहिता (लयक्कक या कतचयलन अष्खष्अ कभलकभ "अभियान जस्तो जुन महत्वपूर्ण कार्य को थालनी गर्दै हुनु हुन्छ सबैले आ आफ्नो ठाउ बाट सहयोग गर्नु पर्छ .
कार्यक्रम मा आफ्नो मंताब्य्य राख्दै लेखक एवम गीतकार ढुंगेल ले लेखन र साहित्य को अलावा आफुले आगामी दिन मा नेपाली समाज परिबर्तन को लागि एक साधारण तर बिशेष कार्यक्रम (अभियान)सुरु गर्न लागेको र स्वदेश तथा विदेश मा हुने युवा वर्ग ले देश को सबै दुर्गम जिल्ला र गाउ सम्म पुगेर स्वयम सेवक भूमिका निभाउने प्रतिबद्धता जनाई सकेको भन्दै त्यसको लागि एक किताब प्रकाशन को तयारि मा रहेको र सो किताब मार्फत घर घर मा पुगेर "समान मानबिय मुल्य र मान्यता को व्यवहार को लागि "बिध्यार्थी बर्ग लाइ परिचालन गरि समाज मा बिध्यमान बिकृति र विसंगति लाइ समाप्त गरि "प्रेम ,सदाचार ,सदभाब ,सहयोग ,सेवा र सस्कारयुक्त समाज निर्माण मा "लागि पर्ने बताएका छन् .
साहित्य र सस्कृति को विस्तार गर्न नेपाली बिस्व को जुन कुना पुगे पनि सक्रिय रहेको बताउदै तर बिस्व को एक मात्र सभ्य सस्कार का अग्रदुत महामानब गौतम बुद्ध जन्मेको भाग्यमानि देश को नागरिक हामि ले उनको उपदेश लाइ न् पछ्याएको ,न् बुझेको वा बुझेर व्यवहार मा देखाउन असमर्थ देखिएका छौ भन्दै उनले न्युनतम ४ बिषय लाइ अभियान को मुख्य आधार बनाएको जस मध्य(१) प्रत्यक ले प्रत्यक लाइ मिठो मुस्कान सहित अभिबादन गर्नु पर्ने (२)समाज र देश निर्माण को आधार स्तम्भ श्रम र श्रमिक नै हुन् त्यसको उच्च सम्मान र मर्यादा गर्नु पर्छ जसले जे काम पनि गर्नु हुन्छ काम को आधार मा मानबिय मतभेद हुनु हुँदैन भनेर सचेत हुने र गराउने कार्य गर्ने (३)छुवाछुत र भेदभाब मानबियता बिरुद्ध को अपराध हो तसर्थ सो को अन्त को लागि प्रत्यक गाउ घर मा पुगेर सहयोग सहकार्य सहभोज आलिंगन गर्ने हात् जोड्ने हात् मिलाउने अनि आ आफ्नो घर र मन्दिर मा प्रवेश गराउने (४) सबै को मानसिकता बाट मालिक र दास को सोच लाइ विस्थापन गरि समान मानबिय मुल्य र मान्यता को मर्म बमोजिम व्यवहार गर्ने गराउने कार्य मा सहयोग गर्ने ,जब सृष्टि कर्ता ले एउटै आकाश एउटै धर्ति एउटै सुर्य अनि चन्द्र र सबै को एउटै रंग को रगत दिएका छन् भने मानिस ले मानिस लाइ बिभेद गर्ने अधिकार कसले दियो ?भन्दै आफ्नो यो अभियान मा सहयोग गर्न बिस्व मा छरिएर रहनु भएका सचेत नेपाली नागरिक हरु सित अनुरोध समेत गर्नु भयो .कार्यक्रम को सभापतित्व आयोजक नेपाल अमेरिका पत्रकार संघ का अधक्ष्य आङछिरिंग शेर्पा ले गर्नु भएको थियो .

आसाममा नेपाली साहित्य सभा सम्पन्न

भारतको असम विश्वनाथ, चारालि, कमलियामा असम नेपाली साहित्य सभाको आयोजनामा "असम -नेपाल साहित्यिक मितेरी समार्रोह २०१३" हालै सम्पन्न भयो । मार्च १२, १३ र १४ तारीखमा भएका समारोहहरूमा नेपाल र असमका विभिन्न ७ वटा पुस्तकहरू विमोचन भएका थिए । यसका साथै नेपाल र असमका साहित्यकारहरूका रचनाहरू संकलित स्मारिका "मित" को पनि त्यो समारोहमै विमोचन भएको थियो । आयोजकसंस्थाले नेपालबाट पाल्नुभएका साहित्यकारहरू गोविन्द घिमिरे 'वेदमणि', डिल्लीराज अर्याल, मणिराज सिंह, विनोददेव पन्त, मुरारी सिग्देल, बाबा बस्नेत, खगेन्द्र गिरि 'कोपिला' र नवराज पहाडीलाई असमको घरबुना गम्छा, रातो अक्षताको टिका, नेपाली ढाका टोपी र सम्मानपत्र प्रदान गरेर सम्मानित गरेको थियो । यसका साथै मुक्तक, हाइकु, साहित्यमा नारी हस्ताक्षर, नेपाली पद्य साहित्य विषयक विभिन्न विद्वानहरूले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । असम र नेपालका साहित्यकारहरूद्वारा कवितावाचन गरिएको 'वृहद कविगोष्ठी' को पनि आयोजना भएको थिया । यस "असम -नेपाल साहित्यिक मितेरी समार्रोह २०१३" मा नेपालबाट श्रीधर पौडेल, भगवती रोका 'भूमिका', गोपाल बराल, बसन्त रिजाल, अमला अधिकारी, डिल्लीप्रसाद 'मूल तिहुन', मेनुका पोखरेल, विनुबाबा घिमिरे, रश्मि रिमाल, सुधा ढकाल, अमृत ढकाल, बाजुराम पौडेल, हरिप्रसाद पाण्डे, विनोददेव पन्त, गोपीकृष्ण ढुंगाना , राजेन्द्र ढुंगाना, श्यामबहादुर भावुकलगायत २५ जना साहित्यकारहरू त्यता गएका थिए । कार्यक्रमको अन्त्यमा ११ बुँदे घोषणापत्र जारी गरिएको थियो

उपन्यास लेखने सम्झौतापत्र

गत चैत्र १५ गतेका दिन एक समारोहमा लेखक तथा पत्रकार हरी अधिकारी र प्रकाशक याम्बुरी बुक प्वाइन्ट बीच "एक्लो नायक" शिर्षकमा एउटा उपन्यास लेखने सम्झौतापत्रमा हस्ताक्षर भएको छ । "एक्लो नायक" नेपाली प्रजातान्त्रिक आन्दोलनका धरोहर, आदर्श व्यक्तित्व, सन्त नेता स्व. कृष्णप्रसाद भट्टराईको जीवनमार्थि लेखिने उपन्यास हुनेछ भन्ने कुरा समारोहमा लेखक अधिकारीले व्यक्त गर्नुभएको थियो । कृष्णप्रसाद भट्टराईको जीवनको पुनरावलोकन गरी उपन्यास पठनीय बनाउने योजना रहेको बताउँदै लेखक अधिकारीले श्री भट्टराईको जीवनका कतिपय रोचक पक्ष केलाउनु भयो । याम्बुरी बुक प्वाइन्टका अध्यक्ष कुयाङ लामा र लेखकबीच २०७० श्रावण मसान्तभित्र पाण्डुलिपि बुझाउने समझदारीमा हस्ताक्षर भएको कार्यक्रम पत्रकार अश्विनी कोइरालाले संचालन गर्नुभएको थियो । नेपालमा पुस्तक लेख्न सम्झौता गर्ने सिलसिला शुरु भएको छ । यस अघि विजय कुमारलाई पुस्तक लेख्ने मात्र होईन निकै मोटो रकम अग्रिम भूक्तानी गरेको खवरले लेखक जगतमा निकै चर्चा पाएको थियो । त्यो पुस्तक कहिले लेखिसकिन्छ र पाठकको हातमा आइपुग्छ त्यो लेखक र प्रकाशकले जान्लान् । यो पुस्तकको पाण्डुलिपि बुझाउने म्याद २०७० साउन मसान्त तोकिएकाले त्यो मितिपछि नै पुस्तक आउला । यो राम्रो खवरले नेपालमा कन्ट्रेक लेखन प्रथाले निरन्तरता पाउन थालेको संकेत गरेको छ भने यसरी इतिहास पुरुषहरुका बारेमा लेख्ने लेखाउने पराम्पराको पनि थालनी भएको मान्न सकिन्छ ।

हङकङमा साहित्यिक साझा श्रृंखला सम्पन्न

नेपाली वाङ्मय उत्थानको खातिर लागि पर्ने हङकङका नेपालीहरुको साझा साहित्यक श्रृंखला एघारौं कार्यशाला गोष्ठी कवि चन्द्र मादेन आन्छन्को संयोजकत्वमा स्थानिय जोर्डनस्थित नेपाली महासंघको कार्यालयमा सम्पन्न भएको छ । बिगत झै प्रत्येक महिनाको अन्तिम आईतवार नियमित हुने श्रृंखलामा साहित्य प्रेमीहरुको बाक्लो उपस्थिति रहेको थियो । कार्यक्रममा देशप्रेम ,जिवन जगत, श्रृंगार रस आदिका कविता एघार जना श्रष्टाहरुले सुनाउनु भएको थियो । उक्त साहित्यक श्रृंखलामा आफ्नो सृजना वाचन गर्ने कवि कवियत्रीहरु त्रिभुवन लुङफुङवा, पुर्णिमा साह, बिष्णु ईङनाम, हस्त लिवाङ, बिमल राई , टोप बहादुर याख्वा, बिष्णुनन्द चाम्लिङ, डिबी पालुङवा , कमान ध्वज लावती, बल्लभ रोका र चन्द्र मादेन आन्छन् हुनुहुन्थ्यो भने प्रदिप कंन्दङवा किन्दर राई र युवा पत्रकार संतोष बिस्वास तामाङले समिक्षात्मक टिप्पणी भएको गर्नु भएको थियो । विगत पाँच बर्ष देखि हङकङको जन जिवनलाई वृत चित्र मार्फत जनसमक्ष ल्याउने हेतुले सकृय भएर लाग्नु भएका निर्देशक एवं फोटोग्राफर हिम थापाले कार्यक्रमका दृष्यहरु छायाङकन गर्नु भएको थियो । अन्य कविहरु प्रकाश छाङछा, सुरेश सुब्बा , मिन गुरुङको पनि उपस्थिति रहेको थियो । (वल्लभ रोका)

बानाको निर्वाचन सम्पन्न ,श्रेष्ठ अधक्ष्यमा पुनः निर्वाचित

बाल्टिमोर एशोसियसन अफ नेपलिज इन अमेरिका (बाना) को २०१३ -२०१५ को कार्य समितिको निर्वाचनमा विजय श्रेष्ठ दोश्रो कार्यकालको पुन बिजयी भएका छन् । मार्च २४ तारिख मतदाताहरुले आफ्नो मत खसाएका थिए । यस बर्ष भएका सदस्यहरु मध्ये करिब ७० प्रतिशतले निर्वाचनमा मत खसाएका थिए । अधक्ष्य पदमा पुनः बिजयी हुनु भएका विजय श्रेष्ठ व्यबसायी हुन् भने सबैसंग मिलेर काम गर्ने भन्दै बानाले लिएको लक्ष्यलाई होस्टेमा हैसे गर्न आग्रह गरेका छन् । सबैको सहयोग र सल्लाहबाट बाना अगाडी बढ्ने भन्दै सम्पूर्ण मतदाता ,शुभ चिन्तक र अन्य सबैलाई धन्यबाद दिएका थिए । नवनिर्वाचित अधक्ष्य विजय श्रेष्ठले आफ्नो कार्यकालमा सामुदायिक भवनको निर्माणमा दत्त चित्त भएर लाग्ने प्रतिबद्दता जाहेर गरेका छन् ।

नव निर्वाचित पदाधिकारीहरुमा निम्न उम्मेदवारहरु बिजयी भएका छन् । विजय श्रेष्ठ -अधक्ष्य, केमिका भण्डारी -वरिस्ठ उपाधक्ष्य -निर्बिरोध ,हिक्मतमान श्रेष्ठ -उपाधक्ष्य ,केशब आचार्य -महा सचिब -निर्बिरोध, मोहन पन्त -सचिब ,राम कृष्ण भट्टराई - कोषाधक्ष्य ,कविता घिमिरे - सदस्य निर्देशक ,शालिक राज शर्मा वाग्ले - सूचना निर्देशक -निर्बिरोध,सदश्यहरुमा क्रमस :दिपक राना ,हिक्मत बहादुर बिक -निर्बिरोध,निरज मान श्रेष्ठ ,कमला भुसाल ,बल बहादुर गुरुङ ,सुबोध विलास पन्त ,मुकुन्द अधिकारी र गीता भुसाल रहेका छन् ।



क्यानाडामा स्थापित पहिलो नेपाली रेष्टुरेन्ट काठमाडौं रेष्टुरेन्ट
विश्वकै सबभन्दा लामो सडकमा अवस्थित काठमाडौं रेष्टुरेन्ट
नेपाली समुदायको सेवामा समर्पित काठमाडौं रेष्टुरेन्ट
स्वादिष्ट भोजनको लागि परिचित काठमाडौं रेष्टुरेन्ट
एक पटक आएर त हेर्नुस् काठमाडौं रेष्टुरेन्ट

अनि भन्नु हुनेछ अरुलाई पनि जाउँमा साथी

Kathmandu Restaurant

५१७ योङ्ग स्ट्रीट, टोरोन्टो

पाटियो बेङ्कट हलका लागि पनि सम्पर्क गर्न राख्नुस्

नेपाल सीमामा भारतीय सुरक्षा फितलो भएकोमा

भारत सरकारका गृहमन्त्रालयले जम्मु र कश्मिरसँगै नेपालको सीमामा भारतीय सुरक्षा फितलो भएकोमा त्यहाँ तैनाथ सुरक्षा प्रहरीलाई चाडै हटाएर नयाँ सुरक्षा व्यवस्था गर्नु पर्ने बताएको छ । मन्त्रालयका अनुसार भारतको कश्मिरको सीमाबाट पाकिस्तानको अधीनमा रहेको कश्मिर हुँदै कश्मिरका युवाहरु पकिस्तान छिर्ने गरेको र त्यहाँबाट विभिन्न प्रकारको तालिम लिएर नेपालको बाटोबाट भारतमा प्रवेश गरेर आतंकारी गतिविधि गर्ने गरेको छ । भारतको अधिनमा रहेको कश्मिरमा भई रहेको आतंकारी गतिविधिलाई सनरन्तरता दिन कश्मिरबाट युवाहरु सजिल्यै पाकिस्तान छिर्ने गरेको र फर्कनेबाटो नेपालको कमजोर सुरक्षा व्यवस्थालाई ध्यानमा राखेर त्यहाँबाट बनाउने गरिएकोले सीमामा खटिएका सुरक्षा प्रहरीहरुको लापर्वाहीले धेरैनै पाकिस्तानीहरुले आतंकारी गतिविधि नेपालबाट संचालन गर्ने गरेको पाइएको बताउँदै मन्त्रालयले त्यहँ रहेको वर्तमान सुरक्षाकर्मीहरुलाई हटाएर चुस्त र कडा सुरक्षा व्यवस्था तैनाथ गर्ने भएको छ । (विक्ली भ्वाईस मार्च २७)

एन.आर.आई.ले भित्र्याए करौंडो रुपिया भारतमा

भारत सरकारले आफ्ना गैरआवासीय भारतीय (एन.आर.आई.) हरुको माँग अनुसार दोहोरो नागरिकता दिएपछि एन.आर.आई.हरुको लगानी भारतमा बढ्दै गई रहेको छ । विश्वका विभिन्न मुलुकमा बसोबास गर्दै आएका एन.आर.आई. हरुले आफुले विदेशमा कमाएको पुञ्जीलाई पनि भारतको आप्नो प्रान्तमा रहेको बैंकहरुमा जम्मा गर्न थालेका छन् । एन.आर.आई.हरुको अन्तिम गन्तब्य आफ्नो जन्मभूमि नै रहेकोले भारत सरकारले विदेशमा रहेका भारतीयहरुलाई भारतका बैंकहरुमा रुपियाँ जम्मा गर्ने अधिकार दिएको छ । भारतको केरला राज्यका बैंहहरुमा मात्र २०१२ को डिसेम्बर महिनासम्म एन.आर.आई.हरुबाट जम्मा गरिएको पुञ्जी ६२,७०८ करोड भा.रु. रहेको बारे जानकारी गराएको थियो । सबै भन्दा बढी भारतीय स्टेट बैंकमा २५,४४५ करोड भा.रु. जम्मा गरिएको थियो । स्टेट लेबल बैंकर्स कमिटीले सार्वजनिक गरेको यो भारतको एउटा राज्य केरलाको मात्र रहेको थियो भने भारतका सबै राज्य अझ गुजरात र पंजाब राज्य जहाँबाट बढी संख्यामा विदेशिएका छन् त्यहाँको बैंकमा अझ बढी हुन सक्ने अनुमान लगाउन सकिन्छ ।

समाजलाई अपच हुने समाचार

चर्चित लोक गायिका भन्छिन् -मैले यौनसम्पर्क नगरेको कुनै आसन बांकि छैन'



चलचित्र वा कलाकारिता क्षेत्रमा यति धेरै अश्लिलताको चर्चा सायदै यसअघिका वर्षमा भए होलान । चलचित्रमै यौनका दृश्य, यौनसम्पर्क गरिसकेको छु, यौन सम्पर्क दालभात जस्तै हो जस्ता भद्दा यौन संवाद छाइरहेका बेलामा एउटी नायिका र नर्तकी दुवैको पहिचान बनाएकी नायिकाले आफुले यौनका सबै आसन भ्याइसकेको भनेर पत्रकारसंग बोलेकि छिन । नेपाली दोहोरि गीतहरुमा समेत अर्धनग्न भएर उफ्रने गरेकी सम्झना बुढाथोकीले यौनका विषयमा खुल्ला भएर यस्तो भनेकि हुन रे । श्रीमानसँग डिभोर्स भएपछि नृत्य निर्देशक शंकर विसीसँग लसपस र हिमचिम समेत वढी नै भइरहेको भन्ने बजार हल्लाका विच यस्तो खवर बाहिर आएको हो ।यौन जीवनका बारेमा निकै खुलेर कुरा गर्ने सम्झनाले शुक्रबारलाई अन्र्तवार्ता दिंदै आफुले थुप्रै आसनमा यौनको अनुभव लिएको र हरेक पटक फरक फरक आशसनमा यौन गर्दा यौनको स्वाद वढी हुनेगरेको बताएकी छिन । मनमिलेपछि यौन ठुलो कुरा नभएको भन्दै सम्वन्धलाई पछिसम्म कायम राख्न पनि यौन बिहेअघि गर्न सकिने संझनाको भनाइ छ । तेस्रो लिंगी र मुख मैथुन जस्ता अप्राकृतिक यौन सम्पर्कलाई समेत मनले सन्तुष्ट भए सबै तरिका ठिक भनेकी संझनाले पुरुषसंग त यौन अनुभव गरेकि छिन यसमा विवाद रहेन तर महिलासंग समेत जायज भन्ने संझनाको महिला यौन पार्टनर भने खुल्न सकेको छैन ।

श्रीमतीको इच्छाविपरीत यौनसम्पर्क गर्ने पक्राउ

श्रीमतीको इच्छाविपरीत यौनसम्पर्क गरेको अभियोगमा प्रहरीले सप्तरीमा एक युवकलाई पक्राउ गरेको हो । जबर्जस्ती इच्छाविपरित यौन सम्पर्क गर्दै आएको भन्दै सप्तरीको देउरी गाविस २ की आशादेवी साहको जाहेरीका आधारमा प्रहरीले उनका श्रीमान विश्वनाथ साहलाई पक्राउ गरेको हो । आशादेवीले आफुलाई श्रीमानले इच्छाविपरित जर्बजस्ती यौनसम्पर्क गर्दै आएको र शारिरिक तथा मानसिक यातनासमेत दिने गरेको भन्दै कारबाहीको माग गर्दै १० चैतमा जिल्ला प्रहरी कार्यालय सप्तरीमा उजुरी दिएकी थिईन् । सोही उजुरीका आधारमा १० चैतमै विश्वनाथलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

विश्वनाथमाथि आवश्यक कारबाहीकालागि जिल्ला प्रहरी कार्यालय सप्तरीले सोमबार जिल्ला प्रशासन कार्यालयबाट सात दिने म्याद थप गराई अनुसन्धान जारी राखेको छ । 'पक्राउ परेका विश्वनाथमाथि हामीले वैवाहिक जर्बजस्तीकरणी मुद्दा अन्तर्गत सात दिनको म्याद थप गरी आवश्यक अनुसन्धान जारी राखेका छौ', जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्त डीएसपी श्यामसिंह चौधरीले भने, 'सम्भवतअ यस्तो मुद्दा सप्तरी प्रहरीमा आएको पहिलो हो ।' उता पक्राउ परेका विश्वनाथले अर्की पत्नीसमेत भित्र्याएकाले उनीमाथि बहुविवाहको मुद्दासमेत चल्ने सक्ने प्रहरीको भनाई छ ।

महिलाको गुप्तांगमा बन्दुक भेटियो

अमेरिकाको ओक्लाहोमामा एक महिलाको गुप्तांगमा गोली लोड गरिएको बन्दुक फेला परेको छ । क्रिस्टी डन ह्यारिस नामकी २८ वर्षे महिलाले गुप्तांगमा लुकाइछिपाइ राखेको रिभल्बर सुरक्षाकर्मीले चेकजाँचका क्रममा फेला पारेका हुन् । प्रहरीका अनुसार लागु औषधकारोबारमा संलग्न रहेको आशंकामा चेकजाँच भैरहेको बेला ती महिलाको गुप्तांगस्थलमा केही वस्तु लुकाइएको जस्तो बाहिरैबाट देखिएपछि प्रहरीले उनको शरीर खानतलासी लिएको थियो । त्यसक्रममा २२ क्यालिबरको ह्याण्डगन उनले आफ्नो गुप्तांगमा लुकाएर राखेको फेला पऱ्यो । त्यसमा तीन राउण्ड गोली लोड गरिएको थियो । ती महिलाले आफ्नो नितम्बमा समेत लागु औषध लुकाएको फेला परेको छ । एक रेष्टुरेन्टको पार्किङस्थलमा शंकास्पद रुपमा कारमा बसिरहेको अवस्थामा ह्यारिस र अर्को एकजना महिलामाथि चेकजाँच गर्दा ह्यारिसको गुप्तांगमा बन्दुक र नितम्बमा लागु औषध फेला परेको थियो । ह्यारिसलाई थप कारवाहीको प्रक्रिया चलिरहेको र उनलाई जेल पठाइएको छ

लेख, रचना र विचार

सपना, स्वरुप र नग्नता

झमक घिमिरे

त्यो दिन मस्त दिउँसै निदाएकी पात्रालाई तपाईं के भन्नुहुन्छ ? काम न काजको जिन्दगी बाँच्ने आइमाई या अल्छे आइमाई । जे भन्नुहोस, तपाईको मर्जी हो । तर केही मान्छेहरू आम मान्छेभन्दा विपरीत स्वभावका हुन्छन् । याद गर्नुभएको छ, एउटै बोटमा फुल्नेफल्ने वस्तु पनि धेरैजसो एउटै समयमा फुलेफले पनि केही भने अघि या पछि फुल्छन् या फल्छन् । सायद यी असमयमा फुलेफलेका वस्तुसँग जीवनको आफ्नै खालको विशिष्टता हुन्छ । दिउसो निदाउने त्यस पात्रासँग म प्रेम गर्छु र उसलाई मनपराउँछु । किनभने म पनि उससँगै मधुमास त भोग्छु । तपाई भन्नुहोला यो अशील दृश्य वा रोमानी नाटक । अब तपाई भन्नुहोस् मलाई - के पर्दा पछाडिको नाङ्गो शरीरसँग भोग गर्नु तपाईको कुन शीलता हो ? म यस्तो नग्नतालाई पनि प्रेम गर्छु । जुन फूल जति नग्न भए पनि ऊ कति सुन्दर हुन्छ । आकाश जति नग्न भए पनि ऊ पनि आखिर सुन्दरै हुन्छ । तर त्यही ठाउँमा मान्छे नग्नता कति कुरूप ! अनायासै हावाले उडाएर ल्याएका पत्करजस्तै वा पात, बैंस झरिसकेका बूढा करङ देखिएका जिरिंग रुखहरू जस्तै या त त्योभन्दा कुरूप ! त्यो पात्राले मलाई भनी- जीवनको नग्नतामध्ये कुन सुन्दर हुन्छ ? आखिर उसलाई मैले जीवनको त्यो नग्नताबारे एउटा जवाफ दाखिल गराउनु नै थियो । गराइदिएँ ! आमा बन्नु अघिको नग्नता वास्तवमा नै सुन्दर हुन्छ । त्यो दिउसो निदाउने पात्रा उसको सपनासँग भन्दै थिई - क्या स्वर्णिम पल जुन मैले भोगेँ । कारण मैले उसको सपनासँग संसर्ग गरेको थिएँ । मानौं उसका सपनाको नायक म नै हुँ । किन किन मलाई उसका सपनाहरूको पनि माया लाग्छ । सायद म उसका सबै सपनाको परिणाम हुँ, त्यसैले त मलाई उसको बिछट्टै माया लाग्छ । सपना पनि जीवनको एउटा आनन्दानुभूति हो । अझ भनुँ जीवनका अतृप्त चाहनाहरूको परिपूर्ति गर्ने माध्यम हो, सपना । साँच्चै भन्ने हो भने जीवनको कुण्ठा पनि अतृप्त चाहनाको संग्रह हो । असन्तुष्टिहरूको एउटा भाँडो हो, जीवन । अनि मान्छे ? त्यसलाई जन्माउने जन्तु, यो जीवनदेखि कहिल्यै तृप्त हुँदैन । यही अतृप्तपन मेटाउने गर्छ मान्छे । सपनामा त्यस

केटीले मलाई गालामा छाप आउने गरेर टोकिदिई, मैले सोचें, कति छिल्लिएकी रहिछे यो केटी । ओ, समय तिमी मेरा सोचाइहरू नितान्त स्वतन्त्र छोडिदिएर बग्यौ, अनि बगिरह्यौ । किनभने यहाँ मान्छेले आफ्नो सोचाइमाथि बार हाल्छन् र त्यसलाई रङ दिन्छन् । कालो, सेतो, हरियो, पहेँलो, रातो आदि ।
हुन पनि मान्छे यसो गर्न स्वतन्त्र हुन्छ । त्यो रङ अनुसारको जीवन बाँच्न स्वतन्त्र छन् । आफ्ना विचारमाथि विविध रङ भर्न सक्छन् र दल्न सक्छन् । त्यसैले त मैले त्यस केटीलाई छिल्लिएकी देखें । यो देख्नुमा मसँग कुनै रङ थियो । जसलाई तपाईं काम न काजकी आइमाई यात अल्छे आइमाई भनेर चिन्नुहुन्छ । किनभने तपाईंको मनोविज्ञानले त्यही बुझ्यो देख्यो, त्यसलाई त्यही रङ दलिदियो वश । ओ ! समय ! तिमी मलाई तिम्रै प्रवाहमा बग्न देऊ । बगिरहन चाहन्छु । अवरोधरहित भएर कुनै रङहीन भएर जसरी नित्सेले ईश्वरको मृत्यु भयो भनेर चिच्याएका थिए, ठीक त्यसरी तिमीलाई साक्षी राखेर भन्छु - आफूमाथिका सारा बन्धकहरूको मृत्यु, मान्छेलाई विभक्त गर्ने रङहरूको मृत्यु ।

तपाईको दिमागभित्र भुइँचालो गयो होला, यो विषयले, मेरो कुरै छ त यस्तो । जो वर्षौंदेखि चिन्तन गरेको मैले तर वास्ता गरिदिएन, यो दुनियाँको खोक्रो दिमागले, गरुँ त के म ? मलाई मेरो प्रेमीले भन्यो - मभन्दा विपरीत सोच किन ? तपाईं नअल्मलिनुहोस्, यहाँ म कुनै पुरुषको नजरमा आइमाई । तर त्यस केटीको सपनाको नायक म । यहाँ मान्छेहरू कोही काला, कोही गोरा, कोही होचा, कोही अग्ला, कोही चुच्चे, कोही थेप्चे, कालो, गोरो, पुरुष, स्त्री, समलिंगी भनेर चिन्दैनन् । मात्र ह्युमन भनेर चिनिन्छ । यात सम्बोधित हुन्छ । यो मान्छेलाई विभक्त गर्ने रङको मृत्यु भन्छु म । यो साराको मृत्यु होइन, विभक्त अनि आन्तरिक रूपमा आत्माको विभक्तता ? त्यो त ह्युमन हुनुको अवसान । यो अवसान पनि तिम्रो लागि पाच्य होला । किनभने सबै कुराको अवसान सामान्य हुन् । त्यसैले त सबै कुरोको अन्त्य हुन्छ भने के यो विभक्तताको चाहिँ अन्त्य ? अनि विखण्डित चेतनाको अन्त्य ? त्यो पनि सम्भव छ, मान्छेलाई । मान्छेको अर्थमा मात्र बुझ्ने हो भने त्यो कुरा असम्भव कहाँ छ र ? जब मान्छेमा विभक्त चाहना पलाउँछ, त्यो सम्भव हुनसक्दैन । नित्से पनि यहाँनिर फेल भएका छन् । उनी ईश्वरको मृत्युको घोषणा त गर्छन्, तर त्यो विभक्तता ? उनी स्वाभाविक मान्छन् । (साभार कान्तिपुर)



स्वस्थ्यकर र ताजा पिजाका लागि
सदैव तत्पर रहने

मामाज् पिजा

परम्परागत् परिकार

तपाईको सेवामा समर्पित छ ।
घरमा नै डेलिभरी गर्न हामी एक फोनको दूरीमा छौं
स्वाद तपाईको सेवा हाम्रो
सन्तुष्टीको ग्यारेन्टीका साथ
५०७ डेनफोर्थ स्ट्रीट, टोरोन्टो,
फोन - ४१६ ४६६ ६५००

Mamma's Pizza
Traditional Gourmet
416 466 6266
www.mammaspizza.ca

पाक्षिक प्रकाशन खबर सम्प्रेसन प्रप्त गर्न
ईमेल प्रेषित गरौं
Email.: gosirawat@gmail.com